
प्रतिवेदन संख्या १

बालबालिका सम्बन्धी (पहिलो संशोधन) ऐन, २०८३ को विधेयकको प्रारम्भिक मस्यौदामा लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक जनसंख्याको समावेशीकरण

सम्बन्धी

प्रतिवेदन



<u>प्रस्तुतकर्ता</u>

रुक्शना कपाली, सचिवालय प्रमुख

प्रतिनिधि सभा सदस्य भूमिका श्रेष्ठको सचिवालय

ने.सं. ११४६ दिला १४ गते

२०८३ असार १७ गते





भूमिका श्रेष्ठ
Bhumika Shrestha

प्रतिनिधि सभा सदस्य
House of Representatives Member

ने.सं. ११४६ दिला १२ गते ।
२०८३ असार १५ गते ।

<u>विषयः प्रतिवेदन अनुमोदन गरिएको सम्बन्धमा ।</u>

प्रस्तुत सम्बन्धमा बालबालिका सम्बन्धी (पहिलो संशोधन) ऐन, २०८३ को विधेयकको प्रारम्भिक मस्यौदामा लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक जनसंख्याको समावेशीकरण सम्बन्धी सचिवालयको तर्फबाट तयार पारिएको प्रतिवेदनलाई अनुमोदन गर्दछु ।

धन्यवाद ।

भवदीय,

....

भूमिका श्रेष्ठ
प्रतिनिधि सभा सदस्य



---

mp.bhumikashrestha@gmail.com



𑐏𑐸𑐩𑐶𑐎 𑐱𑑂𑐬𑐾𑐲𑑂𑐛𑐫𑐵 𑐳𑐵𑐂𑐮𑐵𑐎𑐹𑐧𑐶

भूमिका श्रेष्ठको सचिवालय

Bhumika Shrestha's Secretariat

ने.सं. ११४६ दिला ७ गते ।

२०८३ असार १० गते ।

मा. भूमिका श्रेष्ठज्यू,
सदस्य, प्रतिनिधि सभा,
संघीय संसद, यें (काठमाडौं) ।

विषय : प्रतिवेदन पेश गरिएको सम्बन्धमा ।

माननीयज्यू,

बालबालिका सम्बन्धी (पहिलो संशोधन) ऐन, २०८३ को विधेयकको प्रारम्भिक मस्यौदामा लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक जनसंख्याको समावेशीकरण सम्बन्धी सचिवालयको तर्फबाट तयार पारिएको प्रतिवेदन माननीयज्यू समक्ष अध्ययन तथा आवश्यक निर्णयका लागि सिफारिस साथ पेश गर्दछु ।

भवदीय,



....

रुक्शना कपाली
सचिवालय प्रमुख
प्रमुख कानून तथा नीति विश्लेषक

पृष्ठभूमि

नेपालको संविधानले प्रत्येक नागरिकको सम्मानपूर्वक बाँच्न पाउने हक र समानताको हकलाई मौलिक हकका रूपमा सुनिश्चित गरेको छ । संविधानको धारा ३९ ले बालबालिकाको हकलाई मौलिक अधिकारका रूपमा स्थापित गर्दै उनीहरूको सर्वोपरि हित, संरक्षण र विकासको प्रत्याभूति गरेको छ । यसैगरी, धारा १८ ले कानूनको समान संरक्षणको व्यवस्था गर्नुका साथै लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक जनसंख्या लगायत सामाजिक वा सांस्कृतिक रूपले पिछडिएका नागरिकहरूको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न सक्ने मार्गप्रशस्त गरेको छ ।

नेपालले संयुक्त राष्ट्रसङ्घको बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ (CRC) लाई अनुमोदन गरी बालबालिकाको अधिकार संरक्षण र प्रवर्द्धनका लागि अन्तर्राष्ट्रिय मञ्चमा आफ्नो दृढ प्रतिबद्धता प्रकट गरिसकेको छ ।

बालबालिकाको अधिकार सुनिश्चित गर्न बालबालिका सम्बन्धी ऐन, २०७५ कार्यान्वयनमा रहे तापनि उक्त ऐनले लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक जनसंख्याका बालबालिकाको विशिष्ट कानूनी पहिचान, संरक्षण र विशेष आवश्यकताका सवालहरूलाई सम्बोधन गर्न सकेको देखिँदैन ।

नेपाल सरकारले बालबालिका सम्बन्धी (पहिलो संशोधन) ऐन, २०८३ को विधेयक मस्यौदा गरिरहेको वर्तमान परिप्रेक्ष्यमा, यस विधेयकले लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक जनसंख्याका बालबालिकाको कानूनी पहिचान, संरक्षण र न्यायमा पहुँच सुनिश्चित गर्न यो प्रतिवेदन तयार पारिएको छ ।

सचिवालय संगठन

प्रतिनिधि सभाका सदस्य भूमिका श्रेष्ठको सचिवालयको संगठनात्मक संरचना निम्नानुसार रहेको छ :-

१.	रुक्शना कपाली	सचिवालय प्रमुख
		प्रमुख कानून तथा नीति विश्लेषक
२.	शोभा कुमारी शालिमे	सचिवालय सदस्य
३.	प्रगल्भ जोशी श्रेष्ठ	कानून प्रशिक्षार्थी
४.	विशाल श्रेष्ठ	कानून प्रशिक्षार्थी
५.	ईरिश खड्का	कानून प्रशिक्षार्थी
६.	निधि सर्राफ	कानून प्रशिक्षार्थी
७.	समङकिता ढकाल	कानून प्रशिक्षार्थी
८.	निशान्त साह	प्रशासकीय सहजकर्ता
९.	आश्रय प्रसाद गोर्खाली	प्रशिक्षार्थी

कार्यविभाजन

प्रस्तुत प्रतिवेदन परिमार्जन तथा तयार पार्नका लागि निम्नानुसार कार्यविभाजन गरिएको थियो ।

१.	रुक्शना कपाली	प्रतिवेदनको प्रारम्भिक मस्यौदा तथा दस्तावेज तयार गर्ने।
		प्राप्त सल्लाह र सुझावहरू समायोजन गरी प्रतिवेदनलाई अन्तिम रूप दिने।
२.	शोभा कुमारी शालिमे	प्राप्त मस्यौदाको पुनरावलोकन, परिमार्जन तथा टिप्पणी संकलन गर्ने।
		सरोकारवालाहरूसँग बैठक समन्वय, सहजीकरण तथा व्यवस्थापन गर्ने।
३.	कानून प्रशिक्षार्थी	मस्यौदामा टिप्पणी तथा सुझाव प्रदान गर्ने ।

कृतज्ञता ज्ञापन

यस प्रतिवेदनको मस्यौदामा अमूल्य टिप्पणी तथा रचनात्मक सुझाव प्रदान गरी सहयोग गर्नुहुने लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक जनसंख्याको अधिकारका निम्ति कार्यरत निम्न लिखित संघसंस्थाहरू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं:-

१.	यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरूको महासंघ, नेपाल	काठमाडौं महानगरपालिका वडा नं २, काठमाडौं जिल्ला, बागमती प्रदेश ।
२.	क्याम्पेन फर चेन्ज	काठमाडौं महानगरपालिका वडा नं १४, काठमाडौं जिल्ला, बागमती प्रदेश ।
३.	क्रुजएड्स नेपाल	काठमाडौं महानगरपालिका वडा नं २, काठमाडौं जिल्ला, बागमती प्रदेश ।
४.	क्वयेर युथ ग्रुप	ललितपुर महानगरपालिका वडा नं २०, ललितपुर जिल्ला, बागमती प्रदेश ।
५.	चौतारी नेपाल	जलेश्वर नगरपालिका वडा नं १, महोत्तरी जिल्ला, मधेश प्रदेश ।
६.	जीवन ज्योति समाज	लहान नगरपालिका वडा नं ७, सिरहा जिल्ला, मधेस प्रदेश ।
७.	नील हिरा समाज	काठमाडौं महानगरपालिका वडा नं ४, काठमाडौं जिल्ला, बागमती प्रदेश ।
८.	नौलो बिहानी	पोखरा महानगरपालिका वडा नं ८, कास्की जिल्ला, गण्डकी प्रदेश ।
९.	परिचय समाज	ललितपुर महानगरपालिका वडा नं २, ललितपुर जिल्ला, बागमती प्रदेश ।
१०.	परिवर्तनशील समाज	विराटनगर महानगरपालिका वडा नं १०, मोरङ जिल्ला, कोशी प्रदेश ।
११.	पश्चिम तारा नेपाल	नेपालगञ्ज उपमहानगरपालिका वडा नं १२, बाँके जिल्ला, लुम्बिनी प्रदेश ।
१२.	पहिचान नेपाल मलंगवा	मलंगवा नगरपालिका वडा नं ९, सर्लाही जिल्ला, मधेस प्रदेश ।
१३.	फ्रेण्डस् हेटौडा	हेटौडा उपमहानगरपालिका वडा नं ४, मकवानपुर जिल्ला, बागमती प्रदेश ।

१४.	ब्लु हेभेन नेपाल	कलैया उपमहानगरपालिका वडा नं ४, बारा जिल्ला, मधेस प्रदेश ।
१५.	मानब कल्याण समाज	इटहरी उपमहानगरपालिका वडा नं ६, सुनसरी जिल्ला, कोशी प्रदेश ।
१६.	मानब स्वास्थ्य समाज	घोराही उपमहानगरपालिका वडा नं १५, दाङ जिल्ला, लुम्बिनी प्रदेश ।
१७.	मानव सचेत समाज	भरतपुर महानगरपालिका वडा नं २, चितवन जिल्ला, बागमती प्रदेश ।
१८.	मोनो सपोर्टिङ मेपल ग्रुप	सिद्धार्थनगर नगरपालिका वडा नं ८, रुपन्देही जिल्ला, लुम्बिनी प्रदेश ।
१९.	युनिटि फर चेन्ज	काठमाडौं महानगरपालिका वडा नं २, काठमाडौं जिल्ला, बागमती प्रदेश ।
२०.	सप्तरङ्गी नेपाल	चन्द्रपुर नगरपालिका वडा नं ४, रौतहट जिल्ला, मधेस प्रदेश ।
२१.	सशक्तिकरण नेपाल	रामग्राम नगरपालिका वडा नं ३, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्ला, लुम्बिनी प्रदेश ।
२२.	सहयात्रा नेपाल	भीमदत्त नगरपालिका वडा नं १८, कञ्चनपुर जिल्ला, सुदूरपश्चिम प्रदेश ।
२३.	सहयात्री समाज नेपाल	वीरगन्ज महानगरपालिका वडा नं ६, पर्सा जिल्ला, मधेस प्रदेश ।
२४.	सहयोगी समाज	राजविराज नगरपालिका वडा नं ८, सप्तरी जिल्ला, मधेस प्रदेश ।
२५.	सुदूर पश्चिम समाज	धनगढी उपमहानगरपालिका वडा नं ५, कैलाली जिल्ला, सुदूरपश्चिम प्रदेश ।
२६.	सुनौलो बिहानी समाज	जनकपुरधाम उपमहानगरपालिका वडा नं ८, धनुषा जिल्ला, मधेश प्रदेश ।
२७.	सुन्दर संसार बर्दिया	गुलरिया नगरपालिका वडा नं ५, बर्दिया जिल्ला, लुम्बिनी प्रदेश ।
२८.	हाम्रो समान पहुँच	सूर्यविनायक नगरपालिका वडा नं ५, भक्तपुर जिल्ला, बागमती प्रदेश ।

विषय-सूची

सारांश

नेपाल सरकारले बालबालिका सम्बन्धी (पहिलो संशोधन) ऐन, २०८३ को विधेयक मस्यौदा गरिरहेको वर्तमान परिप्रेक्ष्यमा, उक्त विधेयकमा लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक जनसंख्याको सवाललाई कानुनी रूपमै सम्बोधन र समावेश गर्न यो प्रतिवेदन तयार पारिएको छ । यस प्रतिवेदनमा विधेयकमा परिमार्जन गर्नुपर्ने विषय र मूल ऐनमा संशोधनका लागि विधेयकमा थप गर्नुपर्ने प्रावधानहरूलाई दुई विशिष्ट खण्डमा विस्तृत रूपमा प्रस्तुत गरिएको छ ।

समग्रमा, मूल ऐन तथा प्रस्तावित विधेयक दुवैमा 'लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक' भन्ने शब्दावली समेत समावेश गरिएको पाइँदैन । विद्यमान कानूनी व्यवस्थाहरूमा प्रयुक्त पारम्परिक द्वयसांख्यिक (Binary) भाषाका कारण गैर-द्वयसांख्यिक (Non-binary) लैङ्गिक पहिचान भएका व्यक्तिहरू प्रणालीगत रूपमै संरचनात्मक वहिष्करणमा परेका छन् । फलस्वरूप, सामाजिक रूपमा सीमान्तकृत अवस्थामा रहेका लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक बालबालिकाको विशिष्ट अधिकार र विशेष आवश्यकताहरूलाई सम्बोधन गर्ने सवालमा वर्तमान कानूनी मस्यौदा अझै मौन देखिन्छ ।

प्रस्तुत प्रतिवेदनले मूलतः लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक बालबालिकाको कानूनी पहिचान, आत्मसम्मान र सामाजिक स्वीकार्यता सुनिश्चित गर्ने व्यापक मार्गचित्र प्रस्ताव गरेको छ । यसै परिप्रेक्ष्यमा, पारिवारिक परित्याग वा सामाजिक वहिष्करणमा परेका बालबालिकाहरूका लागि सुरक्षित आवास र मनोसामाजिक परामर्शको प्रबन्ध मिलाउनुका साथै नीति निर्माणको सर्वोच्च तह अर्थात् राष्ट्रिय बाल अधिकार परिषद्को संरचनामा समेत यस जनसंख्याको अनिवार्य प्रतिनिधित्व संस्थागत गर्ने सिफारिस गरिएको छ । यसका अतिरिक्त, प्रतिवेदनले अन्तरलिङ्गी बालबालिकाको शारीरिक अखण्डता र स्वायत्तताको रक्षाका लागि विशेष जोड दिँदै, निजहरू स्वयं स्वतन्त्र र सुसूचित सहमति दिन सक्ने उमेर र अवस्थामा नपुग्दासम्म चिकित्सकीय रूपमा अनिवार्य भएको चरम अवस्थामा बाहेक अन्य यौनाङ्ग वा प्रजनन अङ्गको स्वरूप परिवर्तन गर्ने गरी गरिने हतारोपूर्ण शल्यक्रिया वा अन्य कुनै पनि चिकित्साजन्य हस्तक्षेपलाई निषेध गर्ने प्रस्ताव अघि सारेको छ ।

भाषिक तथा संरचनागत परिमार्जनका सन्दर्भमा, प्रचलित ऐनमा व्याप्त 'बाबु, आमा', 'छोरा, छोरी', 'पति, पत्नी' वा 'धर्मपुत्र, धर्मपुत्री' जस्ता द्वयसांख्यिक (Binary) शब्दावलीले गैर-द्वयसांख्यिक (Non-binary) पहिचान भएका व्यक्तिहरूलाई प्रणालीगत वहिष्करणमा पार्ने कुरालाई प्रतिवेदनले औँल्याएको छ । अतः, 'अभिभावक', 'सन्तान', 'दम्पती' र 'धर्मसन्तान' जस्ता लैङ्गिक-तटस्थ (Gender-neutral) शब्दहरू पनि समावेश गर्न सिफारिस गरिएको छ । यसका साथै, बालबालिकाको पहिचान र थर चयनको कानूनी प्रक्रियामा बाबुको थरलाई मात्र श्रेष्ठता दिने विद्यमान पितृसत्तात्मक अभ्यासको अन्त्य गर्दै

बुबा, आमा वा अभिभावकको थर प्रयोगमा पूर्ण लैङ्गिक समानता सुनिश्चित गर्ने प्रगतिशील दृष्टिकोण अघि सारिएको छ ।

यसैगरी, जन्मँदा निर्धारित लिङ्ग भन्दा फरक लैङ्गिक पहिचान विकास हुने पारलैङ्गिक (Transgender) तथा गैर-द्वयसांख्यिक (Non-binary) बालबालिकाको पूर्ववत् लैङ्गिक विवरण, नाम वा तस्वीर लगायतका विषयहरू गोप्य राख्न पाउने गोपनीयताको हकलाई सुनिश्चित गरिएको छ । यस जनसंख्याका बालबालिकाले भोग्नुपरिरहेको सामाजिक लाञ्छना र बुलिङलाई सम्बोधन गर्न उनीहरूका लागि छात्रवृत्ति सहितको निःशुल्क शिक्षा र राज्यको तर्फबाट विशेष संरक्षणको कानूनी व्यवस्था प्रस्ताव गरिएको छ । अन्ततः, गर्भधारण गर्न सक्ने क्षमता भएका पारलैङ्गिक पुरुष वा गैर-द्वयसांख्यिक व्यक्तिहरू जबरजस्ती करणी वा हाडनाता करणी जस्ता जघन्य अपराधको सिकार भई जन्मिएका बालबालिकाको मर्यादित कानूनी पहिचान (पिता वा अभिभावकको नाममा जन्मदर्ता) स्थापित गर्ने प्रावधान समावेश गरिएको छ । यस व्यवस्थाले नवजात बालबालिकालाई कानूनी शून्यता र पहिचानको संकटबाट जोगाई उनीहरूको सर्वोपरि हितको रक्षा गर्ने दूरगामी र संवेदनशील दृष्टिकोण अघि सारेको छ ।

निष्कर्षतः, प्रस्तुत प्रतिवेदनमा प्रस्तावित संशोधनहरूले केवल कानुनी भाषाको सतही समावेशीकरण मात्र नभई, समाजमा चरम जोखिममा रहेका लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक बालबालिकाको अस्तित्व, विशिष्ट अधिकार र शारीरिक अखण्डतालाई ठोस कानूनी संरक्षण प्रदान गर्नेछन् । प्रचलित कानुनी व्यवस्थामा व्याप्त द्वयसांख्यिक भाषालाई विस्थापित गर्दै लैङ्गिक समानता र सामाजिक न्याय सुनिश्चित गर्नु आजको विधायकी अभिभारा हो ।

अतः सरोकारवालाहरूको घनीभूत सुझाव र कानुनी परामर्शका आधारमा तयार पारिएको यस प्रतिवेदनका बुँदाहरूलाई बालबालिका सम्बन्धी (पहिलो संशोधन) ऐन, २०८३ को विधेयकमा समाविष्ट गरी लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक बालबालिकाको सर्वोपरि हित र कानुनी पहिचानको रक्षा गर्न अपील गर्दछौं ।

विधेयक प्रस्ताव

लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक बालबालिकाको अधिकार संरक्षण गर्न बालबालिका सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक

__प्रस्तावनाः__ बालबालिका सम्बन्धी ऐन, २०७५ मा लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक बालबालिकाहरूको हक अधिकारको संरक्षण, संवर्द्धन र सुनिश्चितता गर्न वाञ्छनीय भएकाले,

संघीय संसद्ले यो ऐन बनाएको छ ।

__**१. संक्षिप्त नाम तथा प्रारम्भः**__ (१) यस ऐनको नाम "बालबालिका सम्बन्धी (लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक सम्बन्धी संशोधन) ऐन, २०८३" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

__**२. परिभाषा:**__ विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा "मूल ऐन" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ सम्झनु पर्छ ।

__**३. मूल ऐनको दफा २ मा संशोधनः**__ (१) मूल ऐनको दफा २ को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ ।

"(क) “अनाथ बालबालिका” भन्नाले बेवारिसे अवस्थामा प्रहरीले फेला पारेको र निजको बाबु वा आमा वा अभिभावक फेला नपरेको वा अस्पताल वा स्वास्थ्य संस्थामा बेवारिसे अवस्थामा छोडिएको वा बाबु र आमा वा दुबै अभिभावक पत्ता नलागेको वा बाबु र आमा दुबै वा दुबै अभिभावकको मृत्यु भई पालनपोषणको लागि कुनै सम्पत्ति नभएको भनी जिल्ला प्रशासन कार्यालयबाट अनाथ प्रमाणित भएका बालबालिका सम्झनु पर्छ।"

(१) मूल ऐनको दफा २ को खण्ड (ज) को सट्टा देहायको खण्ड (ज) राखिएको छ ।

"(ज) “परिवार” भन्नाले बालबालिकाका बाबु, आमा, एकासगोलका दाजु, भाइ, दिदी, बहिनी, हजुरबुबा वा हजुरआमा सम्झनु पर्छ र सो शब्दले एकासगोलमा बस्ने गैर-द्वयसांखिक लैङ्गिक पहिचानका व्यक्ति लगायत नजिकका अन्य नातेदारलाई समेत जनाउँछ ।"

४. मूल ऐनको दफा ४ मा संशोधनः (१) मूल ऐनको दफा ४ को उपदफा (२) मा रहेका "बाबु वा आमाले" भन्ने शब्दहरूको सट्टा "बाबु वा आमा वा अभिभावकले" भन्ने शब्दहरू राखिएका छन्।

(२) मूल ऐनको दफा ४ को उपदफा (३) को पछि देहायको उपदफा (३क.) थप गरिएको छः

"(३क.) पारलैङ्गिक पुरुष लगायत गर्भधारण गर्न सक्ने लैङ्गिक अल्पसङ्ख्यक व्यक्तिको जबर्जस्ती करणी वा प्रचलित कानून बमोजिम सजाय हुने हाडनाता करणीबाट जन्मिएका बालबालिकाको पिता वा अभिभावकले र पिता वा अभिभावकको मृत्यु भएको वा पत्ता नलागेको अवस्थामा परिवारको अन्य सदस्य वा संरक्षकले चाहेमा पिता वा अभिभावकको नाम मात्र उल्लेख गरी जन्मदर्ता गरिदिनुपर्नेछ। तर पिता, अभिभावक वा परिवारको अन्य सदस्य वा संरक्षकले जन्मदर्ता करना नसकेमा वा नचाहेमा सम्बन्धित स्थानीय बाल अधिकार समितिको सिफारिसमा सम्बन्धित पञ्जिकाधिकारीले जन्मदर्ता गरिदिनु पर्नेछ।"

(३) मूल ऐनको दफा ४ को उपदफा (४) मा रहेका "बाबु वा आमा तत्काल उपलब्ध नभएमा" भन्ने शब्दहरूको सट्टा "बाबु वा आमा वा अभिभावक तत्काल उपलब्ध नभएमा" भन्ने शब्दहरू राखिएका छन्।

(४) मूल ऐनको दफा ४ को उपदफा (५) मा रहेका "बाबु आमाको सहमतिबाट राखिएको थर वा त्यस्तो सहमति हुन नसकेमा निजको बाबुको थर" भन्ने शब्दहरूको सट्टा "बाबु, आमा वा अभिभावकको सहमतिबाट राखिएको थर वा त्यस्तो सहमति हुन नसकेमा दुबैको थर" भन्ने शब्दहरू राखिएका छन्।

(५) मूल ऐनको दफा ४ को उपदफा (६) मा रहेका "आफ्नो बाबु वा आमा वा दुवैको थर" भन्ने शब्दहरूको सट्टा "आफ्नो बाबु वा आमा वा अभिभावक वा दुवैको थर" भन्ने शब्दहरू राखिएका छन्।

(६) मूल ऐनको दफा ४ को उपदफा (९) मा रहेका "बाबु र आमा दुबैको ठेगान नलागेका" भन्ने शब्दहरूको सट्टा "बाबु र आमा दुबै वा दुबै अभिभावकको ठेगान नलागेका" भन्ने शब्दहरू राखिएका छन्।

(७) मूल ऐनको दफा ४ को उपदफा (११) को वाक्यको पछि देहायको नयाँ वाक्य थप गरिएको छः

"त्यसै गरी, कुनै एक अभिभावक पत्ता नलागेको अवस्थामा निजले उपलब्ध अर्को अभिभावक र निजको तर्फका नाम उल्लेख गर्न सक्नेछन् भने दुबै अभिभावक पत्ता नलागेको खण्डमा सोही व्यहोरा खुलाउनु पर्नेछ।"

(८) मूल ऐनको दफा ४ को उपदफा (१२) मा रहेका "आमा, बाबु वा संरक्षकले" भन्ने शब्दहरूको सट्टा "आमा, बाबु, अभिभावक वा संरक्षकले" भन्ने शब्दहरू राखिएका छन्।

५. मूल ऐनको दफा ५ मा संशोधनः (१) मूल ऐनको दफा ५ को उपदफा (१) मा रहेका "लिङ्ग, उत्पत्ति," भन्ने शब्दहरूको सट्टा "लिङ्ग, यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, यौन विशेषता, उत्पत्ति," भन्ने शब्दहरू राखिएका छन्।

(२) मूल ऐनको दफा ५ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ ।

“(२) कसैले पनि बालबालिकाको पालनपोषण, शिक्षा वा स्वास्थ्योपचारको सन्दर्भमा उपदफा (१) मा उल्लिखित लगायत अन्य कुनै पनि आधारमा आफ्ना छोरा, छोरी वा सन्तान बीच भेदभाव गर्नु हुँदैन र सोही व्यवस्था अघिल्लो वा पछिल्लो पति, पत्नी वा दम्पतीबाट जन्मेका छोरा, छोरी वा सन्तानको हकमा समेत लागू हुनेछ ।”

(३) मूल ऐनको दफा ५ को उपदफा (३) मा रहेका "छोरा छोरी र धर्मपुत्र धर्मपुत्री" भन्ने शब्दहरूको सट्टा "छोरा छोरी सन्तती र धर्मपुत्र धर्मपुत्री धर्मसन्तान" भन्ने शब्दहरू राखिएका छन्।

(४) मूल ऐनको दफा ५ को उपदफा (४) मा रहेका "कुनै महिला र पुरुषको" भन्ने शब्दहरूको सट्टा "कुनै दुई व्यक्ति बीच" भन्ने शब्दहरू राखिएका छन्।

६. मूल ऐनको दफा ६ मा संशोधनः (१) मूल ऐनको दफा ६ को नामकरणमा रहेका "बाबु आमासँग" भन्ने शब्दहरूको सट्टा "बाबु आमा अभिभावकसँग" भन्ने शब्दहरू राखिएका छन्।

(२) मूल ऐनको दफा ६ को उपदफा (१) मा रहेका "बाबु वा आमाबाट" भन्ने शब्दहरूको सट्टा "बाबु, आमा वा अभिभावकबाट" भन्ने शब्दहरू राखिएका छन्।

(३) मूल ऐनको दफा ६ को उपदफा (२) मा रहेका "बाबु वा आमाबाट अलग गरी" भन्ने शब्दहरूको सट्टा "बाबु, आमा वा अभिभावकबाट अलग गरी" भन्ने शब्दहरू राखिएका छन्।

(४) मूल ऐनको दफा ६ को उपदफा (३) मा रहेका "बाबु वा आमा वा दुवैसँग भिन्न वा अलग बसेको बालबालिकालाई बाबु आमासँग व्यक्तिगत सम्बन्ध" भन्ने शब्दहरूको सट्टा "बाबु, आमा वा अभिभावक वा दुबैसँग भिन्न वा अलग बसेको बालबालिकालाई बाबु, आमा वा अभिभावकसँग व्यक्तिगत सम्बन्ध" भन्ने शब्दहरू राखिएका छन्।

(५) मूल ऐनको दफा ६ को उपदफा (४) मा रहेका "धर्मपुत्र वा धर्मपुत्री राख्ने व्यक्तिले धर्मपुत्र वा धर्मपुत्री हुने बालबालिकालाई आफ्नो जन्मदिने बाबु आमासँग" भन्ने शब्दहरूको सट्टा "धर्मपुत्र, धर्मपुत्री वा धर्मसन्तान राख्ने व्यक्तिले धर्मपुत्र, धर्मपुत्री वा धर्मसन्तान हुने बालबालिकालाई आफ्नो जन्मदिने बाबु, आमा वा अभिभावकसँग" भन्ने शब्दहरू राखिएका छन्।

(६) मूल ऐनको दफा ६ को उपदफा (५) मा रहेका "जन्म दिने बाबुआमा" भन्ने शब्दहरूको सट्टा "जन्म दिने बाबु, आमा, अभिभावक" भन्ने शब्दहरू राखिएका छन्।

७. मूल ऐनको दफा ७ मा संशोधनः (१) मूल ऐनको दफा ७ को उपदफा (१) मा रहेका "बाबु, आमा, परिवारका अन्य सदस्य" भन्ने शब्दहरूको सट्टा "बाबु, आमा, अभिभावक लगायत परिवारका अन्य सदस्य" भन्ने शब्दहरू राखिएका छन्।

(२) मूल ऐनको दफा ७ को उपदफा (२) मा रहेका "बाबुआमाको समान दायित्व हुनेछ। बाबुआमाको सम्बन्ध विच्छेद भएको वा अन्य कुनै कारणले अलग बसेको अवस्थामा बालबालिकाको पालनपोषणको खर्च आर्थिक क्षमता अनुसार बाबुआमा दुवैले" भन्ने शब्दहरूको सट्टा "बाबुआमा वा दुबै अभिभावकको समान दायित्व हुनेछ। बाबुआमा वा दुबै अभिभावकको सम्बन्ध विच्छेद भएको वा अन्य कुनै कारणले अलग बसेको अवस्थामा बालबालिकाको पालनपोषणको खर्च आर्थिक क्षमता अनुसार बाबुआमा दुबै वा दुबै अभिभावकले" भन्ने शब्दहरू राखिएका छन्।

(३) मूल ऐनको दफा ७ को उपदफा (३) मा रहेका "बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकले आफ्नो छोराछोरी" भन्ने शब्दहरूको सट्टा "बाबु, आमा, अभिभावक

लगायत परिवारका अन्य सदस्य वा संरक्षकले आफ्नो छोराछोरी, सन्तान" भन्ने शब्दहरू राखिएका छन्।

(४) मूल ऐनको दफा ७ को उपदफा (४) मा रहेका "सडकमा बस्ने बालबालिकालाई" भन्ने शब्दहरूको सट्टा "सडकमा बस्ने बालबालिका र लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक बालबालिकालाई" भन्ने शब्दहरू राखिएका छन्।

(५) मूल ऐनको दफा ७ को उपदफा (५) मा रहेका "बाबु, आमा, परिवारका अन्य सदस्य" भन्ने शब्दहरूको सट्टा "बाबु, आमा, अभिभावक लगायतका परिवारका अन्य सदस्य" भन्ने शब्दहरू राखिएका छन्।

८. मूल ऐनको दफा ११ मा संशोधनः (१) मूल ऐनको दफा ११ को उपदफा (३) को पछि देहायको उपदफा (४) थप गरिएको छः

"(४) अन्तरलिङ्गी बालबालिकालाई निजको यौन विशेषता सम्बन्धी विवरणको गोपनीयताको हक हुनेछ। त्यसै गरी, जन्मँदा निर्धारित लिङ्ग भन्दा फरक लैङ्गिक पहिचान भएका पारलैङ्गिक तथा गैर-द्वयसांख्यिक बालबालिकालाई निजको पूर्ववत् लैङ्गिक विवरण, नाम वा तस्वीर लगायतका विषय गोप्य राख्न पाउने अधिकार हुनेछ। तर स्वास्थ्योपचार वा फौजदारी अपराधको अनुसन्धान वा न्यायिक प्रक्रियाका क्रममा, र व्यक्तिगत पहिचान नखुल्ने गरी गरिने प्राज्ञिक अनुसन्धान वा तथ्याङ्कीय प्रयोजनका लागि प्रचलित कानून बमोजिम बाहेक त्यस्तो विवरण कसैलाई उपलब्ध गराइने वा सार्वजनिक गरिने छैन।"

९. मूल ऐनमा दफा १२क. थपः (१) मूल ऐनको दफा १२ को पछि देहायको नयाँ दफा १२क. थप गरिएको छः

"१२क. लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक बालबालिकाको विशेष अधिकारः (१) लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक बालबालिकालाई तोकिए बमोजिम विशेष संरक्षणको व्यवस्था गरिनेछ।

(२) प्रत्येक लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक बालबालिकालाई आफ्नो यौन अभिमुखिकरण, लैङ्गिक पहिचान तथा यौन विशेषताको सम्मान सहित मान प्रतिष्ठा सुनिश्चित गर्ने, पारिवारिक तथा सामाजिक स्वीकार्यता प्रवर्द्धन गर्ने, र सम्मानजनक रूपमा आफ्नो पहिचान सहित बाँच्न पाउने अधिकार हुनेछ।

(३) लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक बालबालिकालाई पारिवारिक तथा सामाजिक अन्तरघुलन, पुनर्स्थापना र सशक्तीकरणका लागि तोकिए बमोजिम सुरक्षित आवास, मनोसामाजिक परामर्श लगायत हितकारी वातावरणको व्यवस्था गरिनेछ।

(४) प्रत्येक अन्तरलिङ्गी बालबालिकाको शारीरिक अखण्डता र स्वायत्तताको अधिकार सुरक्षित रहनेछ। अन्तरलिङ्गी बालबालिकालाई 'सच्याउने' वा 'स्वीकार्य बनाउने' लगायतका अन्य कुनै पनि आधारमा निज स्वयंले स्वतन्त्र र सुसूचित मञ्जुरी दिन सक्ने उमेर र अवस्था नभएसम्म, चिकित्सकीय रूपमा अनिवार्य अवस्थामा बाहेक, निजको यौनाङ्ग वा प्रजनन अङ्गको स्वरूपमा परिवर्तन गर्ने गरी कुनै पनि प्रकारको शल्यक्रिया वा चिकित्साजन्य हस्तक्षेप गर्न पाइने छैन।

(५) प्रत्येक पारलैङ्गिक तथा गैर-द्वयसांख्यिक बालबालिकालाई आफ्नो लैङ्गिक पहिचान अनुसार जीवनयापन गर्ने अधिकार हुनेछ र निजलाई आफ्नो लैङ्गिक अभिव्यक्ति स्वतन्त्र रूपमा प्रकट वा व्यक्त गर्ने हक हुनेछ। निजको पहिचान र लैङ्गिक अभिव्यक्तिको आदर तथा सम्मान गर्नु परिवार, समाज, शिक्षण संस्था, राज्य लगायत सबैको कर्तव्य हुनेछ, र निजलाई आफ्नो लैङ्गिक पहिचान विपरीत जीवनयापन गर्न बाध्य पारिने छैन। त्यसै गरी तोकिएको मापदण्ड बमोजिम आफ्नो धारणा वा निर्णय बनाउन सक्षम रहेका पारलैङ्गिक तथा गैर-द्वयसांख्यिक बालबालिकालाई निजको सुसूचित सहमतिमा लैङ्गिक पहिचान अनुकूलको स्वास्थ्य सेवा (जेण्डर एफर्मिङ हेल्थ केयर) मा पहुँच र उपभोगको अधिकार हुनेछ र सो सेवा उपलब्ध गराउँदा निजको सर्वोत्तम हितलाई प्राथमिकता दिइनेछ।"

<u>१०. मूल ऐनको दफा १५ मा संशोधनः</u> मूल ऐनको दफा १५ को उपदफा (४) मा रहेका "दलित बालबालिकालाई" भन्ने शब्दहरूको सट्टा "दलित बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक बालबालिकालाई" भन्ने शब्दहरू राखिएका छन्।

<u>११. मूल ऐनको दफा १६ मा संशोधनः</u> मूल ऐनको दफा १६ को उपदफा (३) मा रहेका "बालबालिकालाई बाबुआमा वा संरक्षकबाट अलग गर्नु पर्दा, बाबु आमाको सम्बन्ध विच्छेद भई छोराछोरीको" भन्ने शब्दहरूको सट्टा "बालबालिकालाई बाबुआमा, अभिभावक वा संरक्षकबाट अलग गर्नु पर्दा, बाबु आमा वा अभिभावक बीच सम्बन्ध विच्छेद भई छोराछोरी वा सन्ततीको" भन्ने शब्दहरू राखिएका छन्।

१२. मूल ऐनको दफा १७ मा संशोधनः (१) मूल ऐनको दफा १७ को उपदफा (१) मा रहेका "बाबु र आमा दुवैको" भन्ने शब्दहरूको सट्टा "बाबु र आमा दुबै वा दुबै अभिभावकको" भन्ने शब्दहरू राखिएका छन्।

(२) मूल ऐनको दफा १७ को उपदफा (२) मा रहेका "बाबु, आमा, परिवारका अन्य सदस्य" भन्ने शब्दहरूको सट्टा "बाबु, आमा, अभिभावक, परिवारका अन्य सदस्य" भन्ने शब्दहरू राखिएका छन्।

(३) मूल ऐनको दफा १७ को उपदफा (३) मा रहेका "बाबु, आमा, परिवारका अन्य सदस्य" भन्ने शब्दहरूको सट्टा "बाबु, आमा, अभिभावक, परिवारका अन्य सदस्य" भन्ने शब्दहरू राखिएका छन्।

(४) मूल ऐनको दफा १७ को उपदफा (४) मा रहेका "बाबु, आमा, परिवारका अन्य सदस्य" भन्ने शब्दहरूको सट्टा "बाबु, आमा, अभिभावक, परिवारका अन्य सदस्य" भन्ने शब्दहरू राखिएका छन्।

(५) मूल ऐनको दफा १७ को उपदफा (५) मा रहेका "बाबु, आमा, परिवारका अन्य सदस्य" भन्ने शब्दहरूको सट्टा "बाबु, आमा, अभिभावक, परिवारका अन्य सदस्य" भन्ने शब्दहरू राखिएका छन्।

१३. मूल ऐनको दफा २० मा संशोधनः मूल ऐनको दफा २० को खण्ड (ख) मा रहेका "बाबु, आमा, परिवारका अन्य सदस्य" भन्ने शब्दहरूको सट्टा "बाबु, आमा, अभिभावक, परिवारका अन्य सदस्य" भन्ने शब्दहरू राखिएका छन्।

१४. मूल ऐनको दफा २१ मा संशोधनः (१) मूल ऐनको दफा २१ को उपदफा (८) मा रहेका "बाबु, आमा, परिवारका अन्य सदस्य" भन्ने शब्दहरूको सट्टा "बाबु, आमा, अभिभावक, परिवारका अन्य सदस्य" भन्ने शब्दहरू राखिएका छन्।

(२) मूल ऐनको दफा २१ को उपदफा (९) मा रहेका "बाबु आमा वा संरक्षक" भन्ने शब्दहरूको सट्टा "बाबु, आमा, अभिभावक वा संरक्षक" भन्ने शब्दहरू राखिएका छन्।

१५. मूल ऐनको दफा २४ मा संशोधनः मूल ऐनको दफा २४ को उपदफा (३) को साविकको पाठ र प्रतिबन्धात्मक वाक्यांशमा रहेका "बाबु, आमा, परिवारको अन्य सदस्य" भन्ने शब्दहरूको सट्टा "बाबु, आमा, अभिभावक, परिवारको अन्य सदस्य" भन्ने शब्दहरू राखिएका छन्।

१६. मूल ऐनको दफा २६ मा संशोधनः मूल ऐनको दफा २६ को उपदफा (१) को खण्ड (ज) को स्पष्टीकरण खण्डमा रहेका "आमा, बाबु वा परिवारको अन्य सदस्य" भन्ने शब्दहरूको सट्टा "आमा, बाबु, अभिभावक, वा परिवारको अन्य सदस्य" भन्ने शब्दहरू राखिएका छन्।

१७. मूल ऐनको दफा २८ मा संशोधनः मूल ऐनको दफा २८ को खण्ड (ख) मा रहेका "निजको बाबु, आमा र बाबु आमा नभए" भन्ने शब्दहरूको सट्टा "निजको बाबु, आमा वा अभिभावक र बाबु, आमा वा अभिभावक नभए" भन्ने शब्दहरू राखिएका छन्।

१८. मूल ऐनको दफा २९ मा संशोधनः मूल ऐनको दफा २९ को उपदफा (१) को खण्ड (छ) मा रहेका "बाबु, आमा, परिवारको अन्य सदस्य" भन्ने शब्दहरूको सट्टा "बाबु, आमा, अभिभावक, परिवारको अन्य सदस्य" भन्ने शब्दहरू राखिएका छन्।

१९. मूल ऐनको दफा ४८ मा संशोधनः (१) मूल ऐनको दफा ४८ को उपदफा (१) को खण्ड (ख) मा रहेका "बाबुआमाबाट अलगिएका वा बाबुआमा पत्ता नलागी" भन्ने शब्दहरूको सट्टा "बाबु, आमा वा अभिभावकबाट अलगिएका वा बाबु, आमा वा अभिभावक पत्ता नलागी" भन्ने शब्दहरू राखिएका छन्।

(२) मूल ऐनको दफा ४८ को उपदफा (१) को खण्ड (ग) मा रहेका "बाबुआमालाई गम्भीर" भन्ने शब्दहरूको सट्टा "बाबु, आमा वा अभिभावकलाई गम्भीर" भन्ने शब्दहरू राखिएका छन्।

(३) मूल ऐनको दफा ४८ को उपदफा (१) को खण्ड (ङ) मा रहेका "बाबु वा आमासँग" भन्ने शब्दहरूको सट्टा "बाबु, आमा वा अभिभावकसँग" भन्ने शब्दहरू राखिएका छन्।

(४) मूल ऐनको दफा ४८ को उपदफा (१) को खण्ड (झ) मा रहेका "बाबुआमा वा परिवारबाट" भन्ने शब्दहरूको सट्टा "बाबुआमा, अभिभावक वा परिवारबाट" भन्ने शब्दहरू राखिएका छन्।

(५) मूल ऐनको दफा ४८ को उपदफा (१) को खण्ड (ट) मा रहेका "बाबुआमा दुबै, आमा बाबुमध्ये एक" भन्ने शब्दहरूको सट्टा "बाबुआमा दुबै, आमा बाबुमध्ये एक वा दुई अभिभावक मध्ये दुबै वा एक" भन्ने शब्दहरू राखिएका छन्।

(६) मूल ऐनको दफा ४८ को उपदफा (१) को खण्ड (ठ) को पछि देहायको खण्ड (ठ.१) थप गरिएको छः

"(ठ.१) परिवारनिकाला भएका, समाजबाट वहिष्कृत लगायत अन्य प्रकारका हिंसामा परेका लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक बालबालिका,"

२०. मूल ऐनको दफा ४९ मा संशोधनः मूल ऐनको दफा ४९ को उपदफा (२) को खण्ड (क) मा रहेका "आमा वा बाबुको" भन्ने शब्दहरूको सट्टा "आमा, बाबु वा अभिभावकको" भन्ने शब्दहरू राखिएका छन्।

२१. मूल ऐनमा दफा ४९क. थपः मूल ऐनको दफा ४९ पछी देहायको दफा ४९क. थपिएको छ ।

४९क. धर्मपुत्र वा धर्मपुत्री वा धर्मसन्तान राख्न सिफारिस गर्न सक्नेः दफा ४८ को उपदफा (१) को खण्ड (क) र (च) बमोजिमका बालबालिकालाई बाल कल्याण अधिकारीले वैकल्पिक हेरचाहको व्यवस्था मिलाउँदा दोस्रो प्राथमिकता क्रमसम्म मिलाउन सकिएन भने त्यस्ता बालबालिका वा वैकल्पिक हेरचाहमा रहेका बालबालिकालाई धर्मपुत्र वा धर्मपुत्री वा धर्मसन्तान दिन प्रचलित कानून बमोजिम सिफारिस गर्न सक्नेछ ।

२२. मूल ऐनको दफा ६६ मा संशोधनः मूल ऐनको दफा ६६ को उपदफा (२) को खण्ड (द) को पछि देहायका खण्डहरू थप गरिएका छन्:

"(ध) दफा ११ को उपदफा (४) बमोजिमको कार्य।

(न) दफा १२क. को उपदफा (४) बमोजिमको कार्य।

(प) दफा १२क. को उपदफा (५) बमोजिमको कार्य।"

२३. मूल ऐनको दफा ६८ मा संशोधनः मूल ऐनको दफा ६८ को उपदफा (१) मा रहेका "बाबु, आमा, संरक्षक" भन्ने शब्दहरूको सट्टा "बाबु, आमा, अभिभावक, संरक्षक" भन्ने शब्दहरू राखिएका छन्।

२४. मूल ऐनमा दफा ५४क. थपः मूल ऐनको दफा ५४ पछी देहायको दफा ५४क. थपिएको छ ।

५४क. झुट्टा कागजात तयार गर्न नहुनेः कसैलेपनि बाबु, आमा, अभिभावक वा नजिकको संरक्षक हुँदाहुँदै अनाथ वा असहाय भनी कागजात तयार गरी बालबालिकालाई बाल गृहमा राख्न हुँदैन ।

२५. मूल ऐनको दफा ५९ मा संशोधनः मूल ऐनको दफा ५९ को सट्टा देहायको दफा ५९ राखिएको छ ।

"**५९. राष्ट्रिय बाल अधिकार परिषद :** (१) बालबालिकाको अधिकार तथा हकहितको संरक्षण र सम्वर्द्धन गर्न देहाय बमोजिमको एक राष्ट्रिय बाल अधिकार परिषद् रहनेछः-

(क) मन्त्री, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय — अध्यक्ष

(ख) सचिव, मन्त्रालय — सदस्य

(ग) सहसचिव, अर्थ मन्त्रालय — सदस्य

(घ) सहसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय — सदस्य

(ङ) सहसचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय — सदस्य

(च) सहसचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय — सदस्य

(छ) सहसचिव, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय — सदस्य

(ज) सहसचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय — सदस्य

(झ) प्रहरी नायब महानिरीक्षक, प्रहरी प्रधान कार्यालय — सदस्य

(ञ) बाल अधिकारका चार क्षेत्र बालबचाउ, बालसंरक्षण, बालविकास र बाल सहभागितामा कम्तिमा दश वर्ष काम गरेका व्यक्ति प्रत्येक क्षेत्रको एक जना पर्ने गरी नेपाल सरकारले मनोनयन गरेका कम्तिमा दुईजना महिला, र एकजना लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक सहित चारजना" — सदस्य

(ट) स्नातकोत्तर उत्तीर्ण गरी बाल अधिकारका क्षेत्रमा कम्तीमा दश वर्षको योगदान गरेका व्यक्तिहरू मध्येबाट नेपाल सरकारले नियुक्त गरेको व्यक्ति — सदस्य सचिव

(३) उपदफा (२) को खण्ड (ञ) र (ट) बमोजिम नेपाल सरकारबाट मनोनयन वा नियुक्ति भएका व्यक्तिको पदावधि चार वर्षको हुनेछ । नेपाल सरकारले चाहेमा निजलाई अर्को एक कार्यकालका लागि पुनः मनोनयन वा नियुक्त गर्न सक्नेछ ।

(४) उपदफा (१) को खण्ड (ञ) बमोजिमको सदस्य मनोनयन हुनका लागि देहाय बमोजिमको योग्यता पूरा भएको हुनु पर्नेछः-

(क) नेपाली नागरिक,

(ख) पैंतीस वर्ष उमेर पूरा भएको,

(ग) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातक तह उत्तीर्ण गरेको,

(घ) भविष्यमा सरकारी सेवा वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको सेवा वा पूर्ण वा आंशिक स्वामित्व रहेको संस्थाको सेवाको निमित्त अयोग्य ठहरिने गरी बर्खास्त नभएको,

(ङ) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्री, वितरण तथा ओसारपसार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरूपयोग, अपहरण सम्बन्धी कसूर, सङ्गठित अपराध, बालबालिका विरूद्धको कसूर, बाल अधिकार हनन वा नैतिकपतन देखिने अन्य फौजदारी कसूरमा सजाय नपाएको वा कुनै कसूरमा जन्म कैद वा बीस वर्ष वा सो भन्दा बढी कैदको सजाय नपाएको,

(च) मनोनित हुँदाको बखत कुनै राजनीतिक दलको सदस्य नरहेको ।

(५) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि उपदफा (१) को खण्ड (ञ) वा (ट) बमोजिमको सदस्यले देहायको कुनै कार्य गरेमा नेपाल सरकारले जुनसुकै बखत हटाउन सक्नेछः-

(क) परिषद्लाई हानि नोक्सानी हुने कुनै कार्य गरेमा,

(ख) यस ऐन र नियमावली विपरीत कार्य गरेमा,

(ग) सार्वजनिक नीति तथा सदाचार प्रतिकूल कुनै कार्य गरेमा,

(घ) खराब आचरण गरेमा,

(ङ) आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा ।

(६) उपनियम (५) बमोजिम पदबाट हटाउनु अघि निजलाई सफाइ पेश गर्न मनासिब मौका दिनु पर्नेछ ।

(७) परिषद्को सदस्य-सचिव र काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(८) परिषद्को बैठक तथा काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।"

<u>२६. मूल ऐनको दफा ७० मा संशोधनः</u> मूल ऐनको दफा ७० को उपदफा (३) को पहिलो वाक्यमा रहेका "बाबुआमा, परिवारका अन्य सदस्य" भन्ने शब्दहरूको सट्टा "बाबुआमा, अभिभावक, परिवारका अन्य सदस्य" भन्ने शब्दहरू राखिएका छन् र सोही वाक्यको अन्त्यमा "समेतको उपस्थितिमा बयान लिन सकिनेछ।" भन्दा अगाडि "लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक

बालबालिकाको हकमा लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक प्रतिनिधिको समेत उपस्थितिमा बयान लिन सकिनेछ।" भन्ने वाक्य थप गरिएको छ। साथै सोही उपदफाको प्रतिबन्धात्मक वाक्यांशमा रहेका "बाबुआमा, संरक्षक" भन्ने शब्दहरूको सट्टा "बाबुआमा, अभिभावक, संरक्षक" भन्ने शब्दहरू राखिएका छन्।

<u>२७. मूल ऐनको दफा ७२ मा संशोधनः</u> (१) मूल ऐनको दफा ७२ को उपदफा (२) मा रहेका "आमा, बाबु वा संरक्षकले" र "आमा, बाबु वा परिवारका सदस्य" भन्ने शब्दहरूको सट्टा क्रमशः "आमा, बाबु, अभिभावक वा संरक्षकले" र "आमा, बाबु, अभिभावक वा परिवारका सदस्य" भन्ने शब्दहरू राखिएका छन्।

(२) मूल ऐनको दफा ७२ को उपदफा (३) को खण्ड (क) मा रहेका "वा (द)" भन्ने शब्दहरूको सट्टा ", (ध) वा (प)" भन्ने शब्दहरू राखिएका छन्।

(३) मूल ऐनको दफा ७२ को उपदफा (३) को खण्ड (घ) मा रहेका "वा (झ)" भन्ने शब्दहरूको सट्टा ", (झ) वा (न)" भन्ने शब्दहरू राखिएका छन्।

<u>२८. मूल ऐनको दफा ७३ मा संशोधनः</u> मूल ऐनको दफा ७३ को उपदफा (३) मा रहेका "बाबु, आमा वा निजहरू नभएमा" भन्ने शब्दहरूको सट्टा "बाबु, आमा, अभिभावक वा निजहरू नभएमा" भन्ने शब्दहरू राखिएका छन्।

<u>२९. मूल ऐनको दफा ७७ मा संशोधनः</u> मूल ऐनको दफा ७७ मा रहेका "बाबु, आमा, संरक्षक" भन्ने शब्दहरूको सट्टा "बाबु, आमा, अभिभावक, संरक्षक" भन्ने शब्दहरू राखिएका छन्।

<u>३०. मूल ऐनको दफा ८३ मा संशोधनः</u> मूल ऐनको दफा ८३ को खण्ड (ङ) मा रहेका "बाबु आमा, संरक्षक" भन्ने शब्दहरूको सट्टा "बाबु आमा, अभिभावक, संरक्षक" भन्ने शब्दहरू राखिएका छन्।

विधेयकमा परिमार्जन गर्नुपर्ने विषयको चार महले विवरण

क्र.सं.	स्थान (विधेयकको)	ऐनको मौजुदा व्यवस्था	संशोधन परिमार्जन गर्नुपर्ने विषय	आधार र कारण
१.	दफा (२) को (क) ।	(क) "अनाथ बालबालिका" भन्नाले बेवारिसे अवस्थामा प्रहरीले फेला पारेको र निजको **बाबु वा आमा** फेला नपरेको वा अस्पताल वा स्वास्थ्य संस्थामा बेवारिसे अवस्थामा छोडिएको वा **बाबु र आमा** पत्ता नलागेको वा **बाबु र आमा** दुबैको मृत्यु भई पालनपोषणको लागि कुनै सम्पत्ति नभएको भनी जिल्ला प्रशासन कार्यालयबाट अनाथ प्रमाणित भएका बालबालिका सम्झनु पर्छ।	(क) "अनाथ बालबालिका" भन्नाले बेवारिसे अवस्थामा प्रहरीले फेला पारेको र निजको **बाबु वा आमा वा अभिभावक** फेला नपरेको वा अस्पताल वा स्वास्थ्य संस्थामा बेवारिसे अवस्थामा छोडिएको वा **बाबु र आमा वा दुबै अभिभावक** पत्ता नलागेको वा **बाबु र आमा दुबै वा दुबै अभिभावक**को मृत्यु भई पालनपोषणको लागि कुनै सम्पत्ति नभएको भनी जिल्ला प्रशासन कार्यालयबाट अनाथ प्रमाणित भएका बालबालिका सम्झनु पर्छ।	परिभाषामा प्रयुक्त द्वयसांख्यिक (Binary) लैङ्गिक भाषाले गैर-द्वयसांख्यिक (Non-binary) लैङ्गिक पहिचान भएका व्यक्तिहरूलाई समेट्न नसक्ने र यस प्रकारको भाषिक प्रयोगले गैर-द्वयसांख्यिक व्यक्तिहरूलाई प्रणालीगत रूपमै संरचनागत वहिष्करणमा पार्ने भएकाले ।
२.	दफा ४ ।	मूल ऐनको दफा ५ को उपदफा (२) मा रहेका "छोरा छोरी, छोरा, छोरा वा छोरी, छोरी" भन्ने	(२) कसैले पनि बालबालिकाको पालनपोषण, शिक्षा वा स्वास्थ्योपचारको सन्दर्भमा उपदफा	ऐ.ऐ.

		शब्दहरूको सट्टा "छोरा छोरी, छोरा छोरा, छोरी छोरी" भन्ने शब्दहरू राखिएका छन्।	(१) मा उल्लिखित लगायत अन्य कुनै पनि आधारमा आफ्ना छोरा, छोरी वा सन्तान बीच भेदभाव गर्नु हुँदैन र सोही व्यवस्था अघिल्लो वा पछिल्लो पति, पत्नी वा दम्पतीबाट जन्मेका छोरा, छोरी वा सन्तानको हकमा समेत लागू हुनेछ ।	
३.	दफा १९ ।	४९क. **<u>धर्मपुत्र वा धर्मपुत्री</u>** राख्न सिफारिस गर्न सक्नेः दफा ४८ को उपदफा (१) को खण्ड (क) र (च) बमोजिमका बालबालिकालाई बाल कल्याण अधिकारीले वैकल्पिक हेरचाहको व्यवस्था मिलाउँदा दोस्रो प्राथमिकता क्रमसम्म मिलाउन सकिएन भने त्यस्ता बालबालिका वा वैकल्पिक हेरचाहमा रहेका बालबालिकालाई **<u>धर्मपुत्र वा धर्मपुत्री</u>** दिन प्रचलित कानून	४९क. **<u>धर्मपुत्र वा धर्मपुत्री वा धर्मसन्तान</u>** राख्न सिफारिस गर्न सक्नेः दफा ४८ को उपदफा (१) को खण्ड (क) र (च) बमोजिमका बालबालिकालाई बाल कल्याण अधिकारीले वैकल्पिक हेरचाहको व्यवस्था मिलाउँदा दोस्रो प्राथमिकता क्रमसम्म मिलाउन सकिएन भने त्यस्ता बालबालिका वा वैकल्पिक हेरचाहमा रहेका बालबालिकालाई **<u>धर्मपुत्र वा धर्मपुत्री</u>**	ऐ.ऐ.

		बमोजिम सिफारिस गर्न सक्नेछ ।	**<u>वा धर्मसन्तान</u>** दिन प्रचलित कानून बमोजिम सिफारिस गर्न सक्नेछ ।	
४.	दफा २० ।	५४क. झुट्टा कागजात तयार गर्न नहुनेः कसैलेपनि **<u>बाबु आमा</u>** वा नजिकको संरक्षक हुँदाहुँदै अनाथ वा असहाय भनी कागजात तयार गरी बालबालिकालाई बाल गृहमा राख्न हुँदैन ।	५४क. झुट्टा कागजात तयार गर्न नहुनेः कसैलेपनि **<u>बाबु, आमा, अभिभावक</u>** वा नजिकको संरक्षक हुँदाहुँदै अनाथ वा असहाय भनी कागजात तयार गरी बालबालिकालाई बाल गृहमा राख्न हुँदैन ।	ऐ.ऐ.
५.	दफा २३ ।	५९ (ज) : बाल अधिकारका चार क्षेत्र बालबचाउ, बालसंरक्षण, बालविकास र बाल सहभागितामा कम्तिमा दश वर्ष काम गरेका व्यक्ति प्रत्येक क्षेत्रको एक जना पर्ने गरी नेपाल सरकारले मनोनयन गरेका **<u>कम्तिमा दुईजना महिला सहित चारजना</u>**" ।	दफा ५९ को (ज) मा "बाल अधिकारका चार क्षेत्र बालबचाउ, बालसंरक्षण, बालविकास र बाल सहभागितामा कम्तिमा दश वर्ष काम गरेका व्यक्ति प्रत्येक क्षेत्रको एक जना पर्ने गरी नेपाल सरकारले मनोनयन गरेका **<u>कम्तिमा दुईजना महिला, र एकजना लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक सहित चारजना"</u>** ।	बाल अधिकार सम्बन्धी नीति निर्माण र कार्यान्वयनको सर्वोच्च तहमा लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक जनसंख्याको पहिचान, अधिकार र विशिष्ट आवश्यकतालाई सम्बोधन गर्न परिषद्को संरचनामा अनिवार्य प्रतिनिधित्व संस्थागत गराउन ।

विधेयकमा थप गर्नुपर्ने विषयको चार महले विवरण

क्र.सं.	स्थान (मूल ऐनको)	ऐनको मौजुदा व्यवस्था	संशोधन परिमार्जन गर्नुपर्ने विषय	आधार र कारण
१.	दफा (२) को (ज) ।	"परिवार" भन्नाले बालबालिकाका बाबु, आमा, एकासगोलका दाजु, भाइ, दिदी, बहिनी, हजुरबुबा वा हजुरआमा सम्झनु पर्छ र सो शब्दले एकासगोलमा बस्ने नजिकका अन्य नातेदारलाई समेत जनाउँछ ।	"परिवार" भन्नाले बालबालिकाका बाबु, आमा, एकासगोलका दाजु, भाइ, दिदी, बहिनी, हजुरबुबा वा हजुरआमा सम्झनु पर्छ र सो शब्दले एकासगोलमा बस्ने **गैर-द्वयसांखिक लैङ्गिक पहिचानका व्यक्ति लगायत** नजिकका अन्य नातेदारलाई समेत जनाउँछ ।	गैर-द्वयसांख्यिक (Non-binary) लैङ्गिक पहिचान भएका व्यक्तिहरूलाई समेट्न पर्ने भएकाले ।
२.	दफा ४ को उपदफा (२) ।	बालबालिका जन्मेपछि निजको **बाबु वा आमाले** बालबालिकाको नाम राखी प्रचलित कानून बमोजिम जन्म दर्ता गर्नु पर्नेछ ।	बालबालिका जन्मेपछि निजको **बाबु वा आमा वा अभिभावक**ले बालबालिकाको नाम राखी प्रचलित कानून बमोजिम जन्म दर्ता गर्नु पर्नेछ ।	ऐ.ऐ.
३.	दफा ४ को उपदफा (३) पछी उपदफा (३क.) थप गर्ने ।	-	पारलैङ्गिक पुरुष लगायत गर्भधारण गर्न सक्ने लैङ्गिक अल्पसङ्ख्यक व्यक्तिको जबर्जस्ती करणी वा प्रचलित कानून बमोजिम	गर्भधारण गर्न सक्ने क्षमता भएका पारलैङ्गिक पुरुष (Transgender Man) वा गैर-द्वयसांख्यिक (Non-binary) व्यक्तिहरू समेत जबरजस्ती करणी वा

			सजाय हुने हाडनाता करणीबाट जन्मिएका बालबालिकाको पिता वा अभिभावकले र पिता वा अभिभावकको मृत्यु भएको वा पत्ता नलागेको अवस्थामा परिवारको अन्य सदस्य वा संरक्षकले चाहेमा पिता वा अभिभावकको नाम मात्र उल्लेख गरी जन्मदर्ता गरिदिनुपर्नेछ । तर पिता, अभिभावक वा परिवारको अन्य सदस्य वा संरक्षकले जन्मदर्ता गर्न नसकेमा वा नचाहेमा सम्बन्धित स्थानीय बाल अधिकार समितिको सिफारिसमा सम्बन्धित पञ्जिकाधिकारीले जन्मदर्ता गरिदिनु पर्नेछ ।	हाडनाता करणी जस्ता जघन्य अपराधको सिकार हुन सक्ने संवेदनशीलतालाई मध्यनजर गर्दै, उनीहरूबाट जन्मिने बालबालिकालाई कानुनी शून्यताबाट बचाउन र उनीहरूको मर्यादित लैङ्गिक पहिचान (पिता वा अभिभावक) लाई कानुनतः स्थापित गर्न आवश्यक भएकाले ।
४.	दफा ४ को उपदफा (४) ।	उपदफा (२) बमोजिम नाम राख्दा **<u>बाबु वा आमा</u>** तत्काल उपलब्ध नभएमा वा उपलब्ध हुन सक्ने सम्भावना नरहेमा त्यस्ता	उपदफा (२) बमोजिम नाम राख्दा **<u>बाबु वा आमा वा अभिभावक</u>** तत्काल उपलब्ध नभएमा वा उपलब्ध हुन सक्ने सम्भावना नरहेमा	ऐ. (क्र.सं. १) ।

		बालबालिकाले आफूलाई हेरचाह गर्ने निजका परिवारका अन्य सदस्य वा संरक्षकले राखे बमोजिमको नाम पाउनेछ।	त्यस्ता बालबालिकाले आफूलाई हेरचाह गर्ने निजका परिवारका अन्य सदस्य वा संरक्षकले राखे बमोजिमको नाम पाउनेछ ।	
५.	दफा ४ को उपदफा (५) ।	प्रत्येक बालबालिकाले जन्मेपछि निजको **बाबु आमा**को सहमतिबाट राखिएको थर वा त्यस्तो सहमति हुन नसकेमा **निजको बाबुको थर** आफ्नो नाम पछाडि प्रयोग गर्न पाउनेछ।	प्रत्येक बालबालिकाले जन्मेपछि निजको **बाबु, आमा वा अभिभावक**को सहमतिबाट राखिएको थर वा त्यस्तो सहमति हुन नसकेमा **दुबैको थर** आफ्नो नाम पछाडि प्रयोग गर्न पाउनेछ।	ऐ. (क्र.सं. १) । पहिचान र थर चयनको कानुनी प्रक्रियामा बाबुको थरलाई मात्र श्रेष्ठता दिने पितृसत्तात्मक अभ्यासको अन्त्य गरी बुबा, आमा वा अभिभावक बीचको पूर्ण लैङ्गिक समानता सुनिश्चित गर्न।
६.	दफा ४ को उपदफा (६) ।	उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि बालबालिकाले चाहेमा आफ्नो **बाबु वा आमा** वा दुवैको थर प्रयोग गर्न पाउनेछ।	उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि बालबालिकाले चाहेमा आफ्नो **बाबु वा आमा वा अभिभावक** वा दुवैको थर प्रयोग गर्न पाउनेछ।	ऐ. (क्र.सं. १) ।
७.	दफा ४ को उपदफा (९) ।	**बाबु र आमा** दुबैको ठेगान नलागेका बालबालिकाले संरक्षकद्वारा दिइएको थर आफ्नो नाम पछाडि प्रयोग गर्न पाउनेछ।	**बाबु र आमा दुबै वा दुबै अभिभावक**को ठेगान नलागेका बालबालिकाले संरक्षकद्वारा दिइएको थर आफ्नो नाम	ऐ. (क्र.सं. १) ।

			पछाडि प्रयोग गर्न पाउनेछ।	
८.	दफा ४ को उपदफा (११) को वाक्य पछी नयाँ वाक्य थप गर्ने ।	-	**त्यसै गरी, कुनै एक अभिभावक पत्ता नलागेको अवस्थामा निजले उपलब्ध अर्को अभिभावक र निजको तर्फका नाम उल्लेख गर्न सक्नेछन् भने दुबै अभिभावक पत्ता नलागेको खण्डमा सोही व्यहोरा खुलाउनु पर्नेछ ।**	ऐ. (क्र.सं. १) ।
९.	दफा ४ को उपदफा (१२) ।	**आमा, बाबु** वा संरक्षकले अनुचित लाभ लिने मनसायले बालबालिकाको पहिचान लुकाउने गरी नाम थर परिवर्तन गर्न हुँदैन ।	आमा, बाबु, **अभिभावक** वा संरक्षकले अनुचित लाभ लिने मनसायले बालबालिकाको पहिचान लुकाउने गरी नाम थर परिवर्तन गर्न हुँदैन ।	ऐ. (क्र.सं. १) ।
१०.	दफा ५ को उपदफा (१) ।	कुनै पनि बालबालिकालाई निज, निजको परिवार वा संरक्षकको धर्म, वर्ण, जात, जाति, लिङ्ग, उत्पत्ति, भाषा, संस्कृति, वैचारिक आस्था, शारीरिक वा मानसिक अवस्था, अपाङ्गता, वैवाहिक स्थिति, पारिवारिक हैसियत, पेशा, स्वास्थ्य स्थिति, आर्थिक वा सामाजिक स्थिति, भौगोलिक क्षेत्र	कुनै पनि बालबालिकालाई निज, निजको परिवार वा संरक्षकको धर्म, वर्ण, जात, जाति, लिङ्ग, **यौन अभिमुखिकरण, लैङ्गिक पहिचान, यौन विशेषता**, उत्पत्ति, भाषा, संस्कृति, वैचारिक आस्था, शारीरिक वा मानसिक अवस्था, अपाङ्गता, वैवाहिक स्थिति, पारिवारिक हैसियत,	बालबालिकाको अधिकारलाई सुनिश्चित गर्ने क्रममा लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक जनसंख्याको पहिचानका तीनवटै आधारहरू (यौन अभिमुखिकरण, लैङ्गिक पहिचान र यौन विशेषता) लाई समेट्नु आवश्यक देखिएकाले ।

		वा अन्य यस्तै कुनै आधारमा भेदभाव गरिने छैन ।	पेशा, स्वास्थ्य स्थिति, आर्थिक वा सामाजिक स्थिति, भौगोलिक क्षेत्र वा अन्य यस्तै कुनै आधारमा भेदभाव गरिने छैन ।	
११.	दफा ५ को उपदफा (३) ।	कसैले पनि आफ्नो **छोरा छोरी** र **धर्मपुत्र धर्मपुत्री** वा आफ्नो संरक्षणमा रहेका बालबालिका बीच कुनै किसिमको भेदभाव गर्न पाइने छैन ।	कसैले पनि आफ्नो **छोरा छोरी सन्तान** र **धर्मपुत्र धर्मपुत्री धर्मसन्तान** वा आफ्नो संरक्षणमा रहेका बालबालिका बीच कुनै किसिमको भेदभाव गर्न पाइने छैन ।	ऐ. (क्र.सं. १) ।
१२.	दफा ५ को उपदफा (४) ।	कुनै **महिला र पुरुष**को वैवाहिक सम्बन्ध कायम हुनु अघि र वैवाहिक सम्बन्ध कायम भएपछि निजहरूबाट जन्मेका बालबालिकाको पालनपोषण, शिक्षा वा स्वास्थ्योपचारमा कुनै भेदभाव गर्नु हुँदैन ।	कुनै **दुई व्यक्ति बीच** वैवाहिक सम्बन्ध कायम हुनु अघि र वैवाहिक सम्बन्ध कायम भएपछि निजहरूबाट जन्मेका बालबालिकाको पालनपोषण, शिक्षा वा स्वास्थ्योपचारमा कुनै भेदभाव गर्नु हुँदैन ।	ऐ. (क्र.सं. १) ।
१३.	दफा ६ ।	६. **बाबु आमा**सँग बस्ने र भेटघाट गर्ने अधिकारः (१) कुनै पनि बालबालिकालाई निजको इच्छा विपरीत **बाबु वा आमा**बाट भिन्न वा अलग गर्नु हुँदैन।	६. **बाबु आमा अभिभावक**सँग बस्ने र भेटघाट गर्ने अधिकारः (१) कुनै पनि बालबालिकालाई निजको इच्छा विपरीत **बाबु, आमा वा**	ऐ. (क्र.सं. १) ।

		(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बालबालिकाको सर्वोत्तम हितको लागि आवश्यक भएमा बाल अदालतले कुनै बालबालिकालाई **<u>बाबु वा आमा</u>**बाट अलग गरी कुनै संरक्षकको जिम्मामा रहने आदेश दिन सक्नेछ । तर त्यसरी आदेश दिनु अघि सम्बन्धित पक्षलाई आफ्नो सफाई पेश गर्ने मनासिब मौकाबाट वञ्चित गर्नु हुँदैन । (३) बालबालिकाको अहित हुने भनी बाल अदालतले रोक लगाएको अवस्थामा बाहेक **बाबु वा आमा** वा दुवैसँग भिन्न वा अलग बसेको बालबालिकालाई **<u>बाबु आमा</u>**सँग व्यक्तिगत सम्बन्ध कायम राख्न वा नियमित रूपमा प्रत्यक्ष सम्पर्क वा भेटघाट गर्ने अधिकार हुनेछ । (४) **<u>धर्मपुत्र वा धर्मपुत्री</u>** राख्ने व्यक्तिले	**<u>अभिभावक</u>**बाट भिन्न वा अलग गर्नु हुँदैन। (२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बालबालिकाको सर्वोत्तम हितको लागि आवश्यक भएमा बाल अदालतले कुनै बालबालिकालाई **<u>बाबु, आमा वा अभिभावक</u>**बाट अलग गरी कुनै संरक्षकको जिम्मामा रहने आदेश दिन सक्नेछ । तर त्यसरी आदेश दिनु अघि सम्बन्धित पक्षलाई आफ्नो सफाई पेश गर्ने मनासिब मौकाबाट वञ्चित गर्नु हुँदैन । (३) बालबालिकाको अहित हुने भनी बाल अदालतले रोक लगाएको अवस्थामा बाहेक **<u>बाबु, आमा वा अभिभावक</u>** वा दुबैसँग भिन्न वा अलग बसेको बालबालिकालाई **<u>बाबु, आमा वा अभिभावक</u>**सँग व्यक्तिगत सम्बन्ध कायम राख्न वा नियमित रूपमा	

		धर्मपुत्र वा धर्मपुत्री हुने बालबालिकालाई आफ्नो जन्मदिने **बाबु आमा**सँग भेटघाट, सम्पर्क तथा पत्राचार गर्न दिनु पर्नेछ । (५) वैकल्पिक हेरचाह गर्ने व्यक्ति वा संस्थाले आफ्नो हेरचाह वा संरक्षणमा रहेका बालबालिकालाई निजको जन्म दिने **बाबुआमा** वा परिवारसँग भेटघाट गर्न दिनु पर्नेछ ।	प्रत्यक्ष सम्पर्क वा भेटघाट गर्ने अधिकार हुनेछ । (४) **धर्मपुत्र, धर्मपुत्री वा धर्मसन्तान** राख्ने व्यक्तिले **धर्मपुत्र, धर्मपुत्री वा धर्मसन्तान** हुने बालबालिकालाई आफ्नो जन्मदिने **बाबु, आमा वा अभिभावक**सँग भेटघाट, सम्पर्क तथा पत्राचार गर्न दिनु पर्नेछ । (५) वैकल्पिक हेरचाह गर्ने व्यक्ति वा संस्थाले आफ्नो हेरचाह वा संरक्षणमा रहेका बालबालिकालाई निजको जन्म दिने **बाबु, आमा, अभिभावक** वा परिवारसँग भेटघाट गर्न दिनु पर्नेछ ।	
१४.	दफा ७ ।	७. संरक्षणको अधिकारः (१) प्रत्येक बालबालिकालाई आफ्नो **बाबु, आमा**, परिवारका अन्य सदस्य वा संरक्षकबाट उचित हेरचाह, संरक्षण,	७. संरक्षणको अधिकारः (१) प्रत्येक बालबालिकालाई आफ्नो **बाबु, आमा, अभिभावक लगायत** परिवारका अन्य सदस्य वा संरक्षकबाट उचित	ऐ. (क्र.सं. १) । लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक बालबालिकालाई समाजको मूल प्रवाहमा ल्याउन, निजहरू विरुद्ध हुने

		पालनपोषण र माया प्राप्त गर्ने अधिकार हुनेछ । (२) बालबालिकाको हेरचाह, संरक्षण तथा पालनपोषण गर्ने सम्बन्धमा **<u>बाबुआमाको</u>** समान दायित्व हुनेछ । **<u>बाबुआमाको</u>** सम्बन्ध विच्छेद भएको वा अन्य कुनै कारणले अलग बसेको अवस्थामा बालबालिकाको पालनपोषणको खर्च आर्थिक क्षमता अनुसार **<u>बाबुआमा</u>** दुवैले व्यहोर्नु पर्नेछ । (३) कुनै पनि **<u>बाबु, आमा,</u>** परिवारका अन्य सदस्य वा संरक्षकले आफ्नो **<u>छोराछोरी</u>** वा संरक्षकत्वमा रहेका बालबालिकालाई बेवारिस छोड्न वा त्यागन पाउने छैन। (४) अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित, जोखिममा परेका वा सडकमा बस्ने बालबालिकालाई सुनिश्चित भविष्यको	हेरचाह, संरक्षण, पालनपोषण र माया प्राप्त गर्ने अधिकार हुनेछ । (२) बालबालिकाको हेरचाह, संरक्षण तथा पालनपोषण गर्ने सम्बन्धमा **<u>बाबुआमा वा दुबै अभिभावकको</u>** समान दायित्व हुनेछ । **<u>बाबुआमा वा दुबै अभिभावकको</u>** सम्बन्ध विच्छेद भएको वा अन्य कुनै कारणले अलग बसेको अवस्थामा बालबालिकाको पालनपोषणको खर्च आर्थिक क्षमता अनुसार **<u>बाबुआमा दुबै वा दुबै अभिभावकले</u>** व्यहोर्नु पर्नेछ । (३) कुनै पनि **<u>बाबु, आमा, अभिभावक लगायत</u>** परिवारका अन्य सदस्य वा संरक्षकले आफ्नो **<u>छोराछोरी, सन्तान</u>** वा संरक्षकत्वमा रहेका बालबालिकालाई बेवारिस छोड्न वा त्यागन पाउने छैन । (४) अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित,	विभेदको अन्त्य गर्न र राज्यका तर्फबाट विशेष संरक्षण तथा सकारात्मक विभेदको व्यवस्था गर्न आवश्यक भएकाले ।

		लागि राज्यबाट तोकिए बमोजिम विशेष संरक्षण पाउने अधिकार हुनेछ । (५) प्रत्येक बालबालिकालाई निजको **बाबु, आमा,** परिवारका अन्य सदस्य वा संरक्षक, शिक्षक तथा अन्य व्यक्तिबाट हुने हरेक किसिमका शारीरिक वा मानसिक हिंसा र यातना, हेला, अमानवीय व्यवहार, लैङ्गिक वा छुवाछूतजन्य दुर्व्यवहार, यौनजन्य दुर्व्यवहार र शोषण विरूद्ध संरक्षण प्राप्त गर्ने अधिकार हुनेछ।	जोखिममा परेका वा सडकमा बस्ने बालबालिका **र लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक बालबालिकालाई** सुनिश्चित भविष्यको लागि राज्यबाट तोकिए बमोजिम विशेष संरक्षण पाउने अधिकार हुनेछ । (५) प्रत्येक बालबालिकालाई निजको बाबु, आमा, **अभिभावक लगायतका** परिवारका अन्य सदस्य वा संरक्षक, शिक्षक तथा अन्य व्यक्तिबाट हुने हरेक किसिमका शारीरिक वा मानसिक हिंसा र यातना, हेला, अमानवीय व्यवहार, लैङ्गिक वा छुवाछूतजन्य दुर्व्यवहार, यौनजन्य दुर्व्यवहार र शोषण विरूद्ध संरक्षण प्राप्त गर्ने अधिकार हुनेछ।	
१५.	दफा ११ को उपदफा (३) पछी उपदफा (४) थप गर्ने ।	-	**(४) अन्तरलिङ्गी बालबालिकालाई निजको यौन विशेषता सम्बन्धी विवरणको गोपनीयताको हक**	लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक बालबालिकाहरू मध्ये पनि अन्तरलिङ्गी, पारलैङ्गिक तथा गैर-

			<u>हुनेछ । त्यसै गरी, जन्मँदा निर्धारित लिङ्ग भन्दा फरक लैङ्गिक पहिचान भएका पारलैङ्गिक तथा गैर-द्वयसांख्यिक बालबालिकालाई निजको पूर्ववत् लैङ्गिक विवरण, नाम वा तस्वीर लगायतका विषय गोप्य राख्न पाउने अधिकार हुनेछ ।</u> <u>तर स्वास्थ्योपचार वा फौजदारी अपराधको अनुसन्धान वा न्यायिक प्रक्रियाका क्रममा, र व्यक्तिगत पहिचान नखुल्ने गरी गरिने प्राज्ञिक अनुसन्धान वा तथ्याङ्कीय प्रयोजनका लागि प्रचलित कानून बमोजिम बाहेक त्यस्तो विवरण कसैलाई उपलब्ध गराइने वा सार्वजनिक गरिने छैन ।</u>	द्वयसांख्यिक वर्गका बालबालिकाको गोपनीयता सम्बन्धी विशिष्ट आवश्यकताहरूलाई सम्बोधन गर्न वाञ्छनीय भएकाले ।
१६.	दफा १२ पछी नयाँ दफा १२क. थप गर्ने ।	-	<u>१२क. लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक बालबालिकाको विशेष अधिकारः (१) लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक</u>	लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक बालबालिकाले घर, विद्यालय र समाजमा भोग्ने हिंसा, घृणा र मानसिक

			बालबालिकालाई तोकिए बमोजिम विशेष संरक्षणको व्यवस्था गरिनेछ । (२) प्रत्येक लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक बालबालिकालाई आफ्नो यौन अभिमुखिकरण, लैङ्गिक पहिचान तथा यौन विशेषताको सम्मान सहित मान प्रतिष्ठा सुनिश्चित गर्ने, पारिवारिक तथा सामाजिक स्वीकार्यता प्रवर्द्धन गर्ने, र सम्मानजनक रूपमा आफ्नो पहिचान सहित बाँच्न पाउने अधिकार हुनेछ। (३) लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक बालबालिकालाई पारिवारिक तथा सामाजिक अन्तरघुलन, पुनर्स्थापना र सशक्तीकरणका लागि तोकिए बमोजिम सुरक्षित आवास, मनोसामाजिक परामर्श लगायत हितकारी	उत्पीडनलाई न्यूनीकरण गर्न। परिवार र समाजबाट अपहेलित भएका लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक बालबालिकाका लागि सुरक्षित आवास, परामर्श र सम्मानजनक वातावरण प्रदान गर्न । अन्तरलिङ्गी बालबालिकाको सुसूचित सहमति बिना गरिने हतारोपूर्ण र अनावश्यक शल्यक्रिया रोक्न । पारलैङ्गिक तथा गैर-द्वयसांख्यिक बालबालिकालाई आफ्नो लैङ्गिक पहिचान अनुसार स्वतन्त्र रूपमा बाँच्न र अनुकूल स्वास्थ्य सेवामा पहुँच दिन ।

			वातावरणको व्यवस्था गरिनेछ । (४) प्रत्येक अन्तरलिङ्गी बालबालिकाको शारीरिक अखण्डता र स्वायत्तताको अधिकार सुरक्षित रहनेछ । अन्तरलिङ्गी बालबालिकालाई 'सच्याउने' वा 'स्वीकार्य बनाउने' लगायतका अन्य कुनै पनि आधारमा निज स्वयंले स्वतन्त्र र सुसूचित मञ्जुरी दिन सक्ने उमेर र अवस्था नभएसम्म, चिकित्सकीय रूपमा अनिवार्य अवस्थामा बाहेक, निजको यौनाङ्ग वा प्रजनन अङ्गको स्वरूपमा परिवर्तन गर्ने गरी कुनै पनि प्रकारको शल्यक्रिया वा चिकित्साजन्य हस्तक्षेप गर्न पाइने छैन । (५) प्रत्येक पारलैङ्गिक तथा गैर-द्वयसांख्यिक बालबालिकालाई आफ्नो लैङ्गिक पहिचान अनुसार	

			जीवनयापन गर्ने अधिकार हुनेछ र निजलाई आफ्नो लैङ्गिक अभिव्यक्ति स्वतन्त्र रूपमा प्रकट वा व्यक्त गर्ने हक हुनेछ । निजको पहिचान र लैङ्गिक अभिव्यक्तिको आदर तथा सम्मान गर्नु परिवार, समाज, शिक्षण संस्था, राज्य लगायत सबैको कर्तव्य हुनेछ, र निजलाई आफ्नो लैङ्गिक पहिचान विपरीत जीवनयापन गर्न बाध्य पारिने छैन । त्यसै गरी तोकिएको मापदण्ड बमोजिम आफ्नो धारणा वा निर्णय बनाउन सक्षम रहेका पारलैङ्गिक तथा गैर-द्वयसांख्यिक बालबालिकालाई निजको सुसूचित सहमतिमा लैङ्गिक पहिचान अनुकूलको स्वास्थ्य सेवा (जेण्डर एफर्मिङ हेल्थ केयर) मा पहुँच र उपभोगको अधिकार हुनेछ र सो सेवा उपलब्ध गराउँदा निजको	

			<u>सर्वोत्तम हितलाई प्राथमिकता दिइनेछ ।</u>	
१७.	दफा १५ को उपदफा (४) ।	**<u>दलित बालबालिका</u>**लाई प्रचलित कानून बमोजिम छात्रवृत्ति सहितको निःशुल्क शिक्षा पाउने अधिकार हुनेछ।	**<u>दलित बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक बालबालिकालाई</u>** प्रचलित कानून बमोजिम छात्रवृत्ति सहितको निःशुल्क शिक्षा पाउने अधिकार हुनेछ ।	लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक बालबालिकाले भोग्नुपरिरहेको सामाजिक लाञ्छना र बुलिङलाई सम्बोधन गर्न आवश्यक भएकाले ।
१८.	दफा १६ को उपदफा (३) ।	यस ऐन बमोजिम बालकल्याण अधिकारी वा बाल अदालतले बालबालिकाको वैकल्पिक हेरचाह सम्बन्धी व्यवस्था गर्दा, बालबालिकालाई **<u>बाबुआमा</u>** वा संरक्षकबाट अलग गर्नु पर्दा, **<u>बाबु आमा</u>**को सम्बन्ध विच्छेद भई **<u>छोराछोरी</u>**को हेरचाह र पालनपोषण कसले गर्ने भन्ने निर्णय गर्दा तोकिए बमोजिमको उच्चतम हित निर्धारण प्रक्रिया अवलम्बन गर्नु पर्नेछ ।	यस ऐन बमोजिम बालकल्याण अधिकारी वा बाल अदालतले बालबालिकाको वैकल्पिक हेरचाह सम्बन्धी व्यवस्था गर्दा, बालबालिकालाई **<u>बाबुआमा, अभिभावक</u>** वा संरक्षकबाट अलग गर्नु पर्दा, **<u>बाबु आमा वा अभिभावक</u>** बीच सम्बन्ध विच्छेद भई **<u>छोराछोरी वा सन्तान</u>**को हेरचाह र पालनपोषण कसले गर्ने भन्ने निर्णय गर्दा तोकिए बमोजिमको उच्चतम हित निर्धारण प्रक्रिया अवलम्बन गर्नु पर्नेछ ।	ऐ. (क्र.सं. १) ।

१९.	दफा १७ ।	(१) बालबालिकाको हेरचाह, पालनपोषण र वृत्ति विकासमा **<u>बाबु र आमा दुवै</u>**को समान दायित्व हुनेछ । (२) बालबालिकालाई हेरचाह, पालनपोषण र संरक्षण गर्नु, शिक्षा, स्वास्थ्य उपचार लगायत व्यक्तित्व विकासका अवसरहरू उपलब्ध गराउनु, माया ममतापूर्ण वातावरण उपलब्ध गराउनु र सुनिश्चित भविष्यको लागि उचित मार्गदर्शन गर्नु प्रत्येक **<u>बाबु, आमा,</u>** परिवारका अन्य सदस्य वा संरक्षकको दायित्व हुनेछ । (३) **<u>बाबु, आमा,</u>** परिवारका अन्य सदस्य वा संरक्षकले विद्यालय जाने उमेरका प्रत्येक बालबालिकालाई विद्यालयमा भर्ना गराई शिक्षा आर्जनको लागि समुचित वातावरण उपलब्ध गराउनु पर्नेछ । (४) **<u>बाबु, आमा,</u>** परिवारका अन्य	(१) बालबालिकाको हेरचाह, पालनपोषण र वृत्ति विकासमा **<u>बाबु र आमा दुबै वा दुबै अभिभावक</u>**को समान दायित्व हुनेछ । (२) बालबालिकालाई हेरचाह, पालनपोषण र संरक्षण गर्नु, शिक्षा, स्वास्थ्य उपचार लगायत व्यक्तित्व विकासका अवसरहरू उपलब्ध गराउनु, माया ममतापूर्ण वातावरण उपलब्ध गराउनु र सुनिश्चित भविष्यको लागि उचित मार्गदर्शन गर्नु प्रत्येक **<u>बाबु, आमा, अभिभावक,</u>** परिवारका अन्य सदस्य वा संरक्षकको दायित्व हुनेछ । (३) **<u>बाबु, आमा, अभिभावक,</u>** परिवारका अन्य सदस्य वा संरक्षकले विद्यालय जाने उमेरका प्रत्येक बालबालिकालाई विद्यालयमा भर्ना गराई शिक्षा आर्जनको लागि समुचित वातावरण उपलब्ध गराउनु पर्नेछ ।	ऐ. (क्र.सं. १) ।

		सदस्य वा संरक्षकले बालबालिकाको शिक्षा, स्वास्थ्य तथा शारीरिक वा मानसिक विकासमा असर पर्ने गरी श्रम गराउनु हुँदैन । (५) **<u>बाबु, आमा,</u>** परिवारका अन्य सदस्य वा संरक्षकले छ वर्ष उमेर नपुगेका बालबालिकालाई निवास वा अन्य स्थानमा एक्लै छाड्न वा उमेर पुगेको व्यक्तिको साथमा नलगाई एक्लै अन्यत्र पठाउन हुँदैन ।	(४) **<u>बाबु, आमा, अभिभावक,</u>** परिवारका अन्य सदस्य वा संरक्षकले बालबालिकाको शिक्षा, स्वास्थ्य तथा शारीरिक वा मानसिक विकासमा असर पर्ने गरी श्रम गराउनु हुँदैन । (५) **<u>बाबु, आमा, अभिभावक,</u>** परिवारका अन्य सदस्य वा संरक्षकले छ वर्ष उमेर नपुगेका बालबालिकालाई निवास वा अन्य स्थानमा एक्लै छाड्न वा उमेर पुगेको व्यक्तिको साथमा नलगाई एक्लै अन्यत्र पठाउन हुँदैन ।	
२०.	दफा २० को (ख) ।	बालबालिकाको हित र स्वार्थ जोडिएको कुनै पनि विषयमा निर्णय गर्नु अघि निजको **<u>बाबु, आमा,</u>** परिवारका अन्य सदस्य वा संरक्षकलाई आफ्नो भनाई राख्ने अवसर दिने,	बालबालिकाको हित र स्वार्थ जोडिएको कुनै पनि विषयमा निर्णय गर्नु अघि निजको **<u>बाबु, आमा, अभिभावक</u>**, परिवारका अन्य सदस्य वा संरक्षकलाई आफ्नो भनाई राख्ने अवसर दिने,	ऐ. (क्र.सं. १) ।
२१.	दफा २१ को उपदफा (८) ।	उपदफा (७) मा जुनसुकै कुरा	उपदफा (७) मा जुनसुकै कुरा	ऐ. (क्र.सं. १) ।

		लेखिएको भए तापनि कसूरजन्य कार्यको आरोप लागेको बालबालिकाको शारीरिक अवस्था, उमेर, कसूरजन्य कार्य गर्दाको परिस्थिति वा निगरानी कक्षको अवस्थालाई ध्यानमा राख्दा निजलाई निगरानी कक्षमा राख्न उपयुक्त छैन भन्ने बाल अदालतलाई लागेमा बाल अदालतले खोजेको बखत उपस्थित गराउने शर्तमा त्यस्तो बालबालिकालाई निजको **<u>बाबु, आमा,</u>** परिवारका अन्य सदस्य वा संरक्षक र निजहरू नभए बालबालिकाको हक हितको संरक्षण गर्ने कार्यमा संलग्न सामाजिक संस्था वा बाल सुधार गृहको जिम्मा लगाई मुद्दाको अनुसन्धान गर्ने आदेश दिन सक्नेछ ।	लेखिएको भए तापनि कसूरजन्य कार्यको आरोप लागेको बालबालिकाको शारीरिक अवस्था, उमेर, कसूरजन्य कार्य गर्दाको परिस्थिति वा निगरानी कक्षको अवस्थालाई ध्यानमा राख्दा निजलाई निगरानी कक्षमा राख्न उपयुक्त छैन भन्ने बाल अदालतलाई लागेमा बाल अदालतले खोजेको बखत उपस्थित गराउने शर्तमा त्यस्तो बालबालिकालाई निजको **<u>बाबु, आमा, अभिभावक,</u>** परिवारका अन्य सदस्य वा संरक्षक र निजहरू नभए बालबालिकाको हक हितको संरक्षण गर्ने कार्यमा संलग्न सामाजिक संस्था वा बाल सुधार गृहको जिम्मा लगाई मुद्दाको अनुसन्धान गर्ने आदेश दिन सक्नेछ ।	
२२.	दफा २१ को उपदफा (९) ।	अनुसन्धान अधिकारीले नियन्त्रणमा लिएका	अनुसन्धान अधिकारीले नियन्त्रणमा लिएका	ऐ. (क्र.सं. १) ।

		बालबालिकालाई सोधपुछ गर्दा निजको **<u>बाबु आमा</u>** वा संरक्षक वा बालकल्याण अधिकारी वा कानून व्यवसायीको उपस्थितिमा बालमैत्री वातावरणमा गर्नु पर्नेछ ।	बालबालिकालाई सोधपुछ गर्दा निजको **<u>बाबु, आमा, अभिभावक</u>** वा संरक्षक वा बालकल्याण अधिकारी वा कानून व्यवसायीको उपस्थितिमा बालमैत्री वातावरणमा गर्नु पर्नेछ ।	
२३.	दफा २४ को उपदफा (३) ।	उपदफा (२) को अवस्थामा बाहेक कसूरजन्य कार्यको अभियोग लागेका अन्य बालबालिकालाई चाहिएको बखत उपस्थित गराउने शर्तमा **<u>बाबु, आमा,</u>** परिवारको अन्य सदस्य वा संरक्षक र निजहरू नभए बालबालिकाको हकहितको संरक्षण गर्ने संस्था वा व्यक्तिको जिम्मा लगाउन सकिनेछ । तर उपदफा (२) बमोजिमको अवस्थाको बालबालिकाको शारीरिक तथा मानसिक अवस्था,	उपदफा (२) को अवस्थामा बाहेक कसूरजन्य कार्यको अभियोग लागेका अन्य बालबालिकालाई चाहिएको बखत उपस्थित गराउने शर्तमा **<u>बाबु, आमा, अभिभावक,</u>** परिवारको अन्य सदस्य वा संरक्षक र निजहरू नभए बालबालिकाको हकहितको संरक्षण गर्ने संस्था वा व्यक्तिको जिम्मा लगाउन सकिनेछ । तर उपदफा (२) बमोजिमको अवस्थाको बालबालिकाको शारीरिक तथा मानसिक अवस्था,	ऐ. (क्र.सं. १) ।

		उमेर, कसूर गर्दाको परिस्थितिलाई ध्यानमा राख्दा निजलाई बाल सुधार गृहमा राख्न उपयुक्त नहुने भन्ने कुरा बाल अदालतलाई लागेमा शर्तहरू तोकी यस उपदफा बमोजिम निजको **<u>बाबु, आमा,</u>** परिवारको अन्य सदस्य वा संरक्षक र निजहरू नभए बालबालिकाको हकहितको संरक्षण गर्ने संस्था वा व्यक्तिको जिम्मा लगाउन बाधा पर्ने छैन ।	उमेर, कसूर गर्दाको परिस्थितिलाई ध्यानमा राख्दा निजलाई बाल सुधार गृहमा राख्न उपयुक्त नहुने भन्ने कुरा बाल अदालतलाई लागेमा शर्तहरू तोकी यस उपदफा बमोजिम निजको **<u>बाबु, आमा, अभिभावक,</u>** परिवारको अन्य सदस्य वा संरक्षक र निजहरू नभए बालबालिकाको हकहितको संरक्षण गर्ने संस्था वा व्यक्तिको जिम्मा लगाउन बाधा पर्ने छैन ।	
२४.	दफा २६ को उपदफा (१) को (ज) को स्पष्टिकरण खण्ड ।	यस खण्डको प्रयोजनको लागि "बालमैत्री वातावरण" भन्नाले बालबालिकाको उमेर, परिपक्वता र मनोविज्ञान सुहाउँदो व्यवहार सम्झनु पर्दछ । जस अन्तर्गत बालबालिकाले बुझ्ने भाषाको प्रयोग, त्रासरहित वातावरणको सिर्जना, **<u>आमा, बाबु</u>** वा परिवारको अन्य	यस खण्डको प्रयोजनको लागि "बालमैत्री वातावरण" भन्नाले बालबालिकाको उमेर, परिपक्वता र मनोविज्ञान सुहाउँदो व्यवहार सम्झनु पर्दछ । जस अन्तर्गत बालबालिकाले बुझ्ने भाषाको प्रयोग, त्रासरहित वातावरणको सिर्जना, **<u>आमा, बाबु, अभिभावक,</u>** वा	ऐ. (क्र.सं. १) ।

		सदस्य वा संरक्षकको उपस्थिति, बालबालिकाको वैयक्तिक आवश्यकताको सम्बोधन र आवश्यकता अनुसार सहजकर्ताको उपलब्धता लगायतको अवस्था सम्झनु पर्छ ।	परिवारको अन्य सदस्य वा संरक्षकको उपस्थिति, बालबालिकाको वैयक्तिक आवश्यकताको सम्बोधन र आवश्यकता अनुसार सहजकर्ताको उपलब्धता लगायतको अवस्था सम्झनु पर्छ ।	
२५.	दफा २८ को (ख) ।	सम्बन्धित बालबालिका, निजको **बाबु, आमा र बाबु आमा नभए** परिवारका अन्य सदस्य वा संरक्षकको सहमति,	सम्बन्धित बालबालिका, निजको **बाबु, आमा वा अभिभावक** र **बाबु, आमा वा अभिभावक** नभए परिवारका अन्य सदस्य वा संरक्षकको सहमति,	ऐ. (क्र.सं. १) ।
२६.	दफा २९ को उपदफा (१) को (छ) ।	बालबालिकालाई **बाबु, आमा,** परिवारको अन्य सदस्य वा संरक्षकको जिम्मा लगाउने,	बालबालिकालाई **बाबु, आमा, अभिभावक,** परिवारको अन्य सदस्य वा संरक्षकको जिम्मा लगाउने,	ऐ. (क्र.सं. १) ।
२७.	दफा ४८ को उपदफा (१) को (ख) ।	अस्पताल वा अन्य कुनै सार्वजनिक स्थानमा अलपत्र अवस्थामा छाडिएका वा फेला परेका, **बाबुआमाबाट** अलगिएका वा **बाबुआमा** पत्ता नलागी	अस्पताल वा अन्य कुनै सार्वजनिक स्थानमा अलपत्र अवस्थामा छाडिएका वा फेला परेका, **बाबु, आमा वा अभिभावकबाट** अलगिएका वा **बाबु,**	ऐ. (क्र.सं. १) ।

		बेवारिसे भएका बालबालिका,	**आमा वा अभिभावक** पत्ता नलागी बेवारिसे भएका बालबालिका,	
२८.	दफा ४८ को उपदफा (१) को (ग) ।	**बाबुआमा**लाई गम्भीर शारीरिक वा मानसिक अपाङ्गता वा अशक्तता भएको कारण उचित हेरचाह नपाएका बालबालिका,	**बाबु, आमा वा अभिभावक**लाई गम्भीर शारीरिक वा मानसिक अपाङ्गता वा अशक्तता भएको कारण उचित हेरचाह नपाएका बालबालिका,	ऐ. (क्र.सं. १) ।
२९.	दफा ४८ को उपदफा (१) को (ङ) ।	थुनामा रहेका वा बन्दी **बाबु वा आमा**सँग आश्रित भई कारागारमा रहेका बालबालिका,	थुनामा रहेका वा बन्दी **बाबु, आमा वा अभिभावक**सँग आश्रित भई कारागारमा रहेका बालबालिका,	ऐ. (क्र.सं. १) ।
३०.	दफा ४८ को उपदफा (१) को (झ) ।	गम्भीर शारीरिक वा मानसिक स्वास्थ्य समस्या वा गम्भीर अपाङ्गता भएको कारण जीवन जोखिममा रही **बाबुआमा** वा परिवारबाट उपचारको व्यवस्था हुन नसकेको वा सामान्य जीवनयापन गर्न कठिनाइ भएका बालबालिका,	गम्भीर शारीरिक वा मानसिक स्वास्थ्य समस्या वा गम्भीर अपाङ्गता भएको कारण जीवन जोखिममा रही **बाबुआमा, अभिभावक** वा परिवारबाट उपचारको व्यवस्था हुन नसकेको वा सामान्य जीवनयापन गर्न कठिनाइ भएका बालबालिका,	ऐ. (क्र.सं. १) ।
३१.	दफा ४८ को उपदफा (१) को (ट) ।	विपद् वा सशस्त्र द्वन्द्वका कारणले **बाबुआमा** दुबै वा **आमा बाबुमध्ये एक** गुमाएका, बेपत्ता	विपद् वा सशस्त्र द्वन्द्वका कारणले **बाबुआमा** दुबै, **आमा बाबुमध्ये एक वा दुई अभिभावक मध्ये दुबै**	ऐ. (क्र.सं. १) ।

		भएका वा आफू नै शारीरिक वा मानसिक रूपमा घाइते भएका वा अपाङ्गता भएका बालबालिका,	**वा एक** गुमाएका, बेपत्ता भएका वा आफू नै शारीरिक वा मानसिक रूपमा घाइते भएका वा अपाङ्गता भएका बालबालिका,	
३२.	दफा ४८ को उपदफा (१) को (ठ) पछी नयाँ बुँदा (ठ.१) थप गर्ने ।	-	(ठ.१) परिवारनिकाला भएका, समाजबाट वहिष्कृत लगायत अन्य प्रकारका हिंसामा परेका लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक बालबालिका,	लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक बालबालिकालाई विशेष व्यवस्था गर्न आवश्यक भएकाले ।
३३.	दफा ४९ को उपदफा (२) को (क) ।	बालबालिकाको **आमा वा बाबु**को तर्फका नातेदार,	बालबालिकाको **आमा, बाबु वा अभिभावक**को तर्फका नातेदार,	ऐ. (क्र.सं. १) ।
३४.	दफा ५० को उपदफा (५) ।	उपदफा (३) बमोजिम जाँचबुझ तथा छानबिन गर्दा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको लागि आवश्यक अन्य सेवा सुनिश्चित गर्नु पर्नेछ । त्यसरी विशेष संरक्षण गर्न आवश्यक नदेखिएमा र निजको **बाबु, आमा,** परिवारको अन्य सदस्य वा संरक्षक फेला परेमा बालकल्याण	उपदफा (३) बमोजिम जाँचबुझ तथा छानबिन गर्दा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको लागि आवश्यक अन्य सेवा सुनिश्चित गर्नु पर्नेछ । त्यसरी विशेष संरक्षण गर्न आवश्यक नदेखिएमा र निजको **बाबु, आमा, अभिभावक,** परिवारको अन्य सदस्य वा संरक्षक फेला परेमा	ऐ. (क्र.सं. १) ।

		अधिकारीले त्यस्तो बालबालिकालाई निजको जिम्मा लगाउनु पर्नेछ ।	बालकल्याण अधिकारीले त्यस्तो बालबालिकालाई निजको जिम्मा लगाउनु पर्नेछ ।	
३५.	दफा ५० को उपदफा (६) ।	उपदफा (५) बमोजिम बालकल्याण अधिकारीले बालबालिकालाई निजको **बाबु, आमा,** परिवारको अन्य सदस्य वा संरक्षकलाई जिम्मा लगाउनको लागि कुनै सहयोग गर्नु पर्ने देखेमा सम्बद्ध निकायसँग समन्वय गरी सहयोग प्रायोजन वा परिवार सहयोग जस्ता आवश्यक सेवाको व्यवस्था मिलाउनु पर्नेछ ।	उपदफा (५) बमोजिम बालकल्याण अधिकारीले बालबालिकालाई निजको **बाबु, आमा, अभिभावक,** परिवारको अन्य सदस्य वा संरक्षकलाई जिम्मा लगाउनको लागि कुनै सहयोग गर्नु पर्ने देखेमा सम्बद्ध निकायसँग समन्वय गरी सहयोग प्रायोजन वा परिवार सहयोग जस्ता आवश्यक सेवाको व्यवस्था मिलाउनु पर्नेछ ।	ऐ. (क्र.सं. १) ।
३६.	दफा ५० को उपदफा (८) ।	बालबालिका पीडित भएको मुद्दामा पीडित बालबालिकाले चाहेमा वा बाबुआमा, अभिभावक नै पीडक भएमा वा पीडकसँग मिली बालबालिका थप जोखिममा पर्ने सम्भावना देखिएमा वा घटनाको छानबिन, कारबाही तथा सत्य तथ्य बुझ्न बाधा पर्ने	बालबालिका पीडित भएको मुद्दामा पीडित बालबालिकाले चाहेमा वा बाबुआमा, अभिभावक नै पीडक भएमा वा पीडकसँग मिली बालबालिका थप जोखिममा पर्ने सम्भावना देखिएमा वा घटनाको छानबिन, कारबाही तथा सत्य तथ्य बुझ्न बाधा पर्ने	ऐ. (क्र.सं. १) ।

		देखिएमा बालकल्याण अधिकारीले त्यस्ता पीडित बालबालिकालाई **<u>बाबुआमा</u>** वा परिवारबाट समेत निश्चित अवधिका लागि अलग गराई अस्थायी संरक्षण सेवामा राख्ने व्यवस्था गर्नु पर्नेछ ।	देखिएमा बालकल्याण अधिकारीले त्यस्ता पीडित बालबालिकालाई **<u>बाबुआमा, अभिभावक</u>** वा परिवारबाट समेत निश्चित अवधिका लागि अलग गराई अस्थायी संरक्षण सेवामा राख्ने व्यवस्था गर्नु पर्नेछ ।	
३७.	दफा ५० को उपदफा (९) ।	उपदफा (३) बमोजिम जाँचबुझ तथा छानबिन गर्दा बालबालिकाको **<u>पितृत्व र मातृत्व</u>**को ठेगान नलागेको पाइएमा बाल कल्याण अधिकारीले निजको जन्म दर्ता तथा पहिचान खुल्ने सरकारी परिचयपत्रको लागि सिफारिस गरिदिनु पर्नेछ ।	उपदफा (३) बमोजिम जाँचबुझ तथा छानबिन गर्दा बालबालिकाको **<u>पितृत्व र मातृत्व वा अभिभावकत्व</u>**को ठेगान नलागेको पाइएमा बाल कल्याण अधिकारीले निजको जन्म दर्ता तथा पहिचान खुल्ने सरकारी परिचयपत्रको लागि सिफारिस गरिदिनु पर्नेछ ।	ऐ. (क्र.सं. १) ।
३८.	दफा ६६ को उपदफा (२) को (द) पछी देहायका उल्लेखित थप गर्ने ।	-	**<u>(ध) दफा ११ को उपदफा (४) बमोजिमको कार्य ।</u>** **<u>(न) दफा १२क. को उपदफा (४) बमोजिमको कार्य ।</u>**	बुँदा नं. १५ र १६ मा थप गरिएका उप-दफाहरू बमोजिम वर्जित कार्यहरूलाई कसूरका रूपमा निषेध गर्नका लागि।

			<u>(प) दफा १२क. को उपदफा (५) बमोजिमको कार्य ।</u>	
३९.	दफा ६८ को उपदफा (१) ।	**<u>बाबु, आमा,</u>** संरक्षक तथा बालबालिकालाई प्रत्यक्ष सेवा दिने हेरचाहकर्ता, शिक्षक, स्वास्थ्यकर्मी लगायत अन्य कसैले कुनै बालबालिका उपर हिंसा वा बाल यौन दुर्व्यवहार भएको, भइरहेको वा हुन लागेको छ भन्ने थाहा पाएमा तुरुन्त नजिकको प्रहरी कार्यालयमा सूचना दिनु पर्नेछ ।	**<u>बाबु, आमा, अभिभावक,</u>** संरक्षक तथा बालबालिकालाई प्रत्यक्ष सेवा दिने हेरचाहकर्ता, शिक्षक, स्वास्थ्यकर्मी लगायत अन्य कसैले कुनै बालबालिका उपर हिंसा वा बाल यौन दुर्व्यवहार भएको, भइरहेको वा हुन लागेको छ भन्ने थाहा पाएमा तुरुन्त नजिकको प्रहरी कार्यालयमा सूचना दिनु पर्नेछ ।	ऐ. (क्र.सं. १) ।
४०.	दफा ७० को उपदफा (३) ।	प्रहरी कर्मचारीले पीडित बालबालिकाको बयान लिँदा बालबालिकाको **<u>बाबुआमा,</u>** परिवारका अन्य सदस्य वा संरक्षक उपस्थित हुन सक्ने भएसम्म उनीहरूको उपस्थितिमा र उपस्थित हुन नसकेमा सामाजिक संस्थाका **महिला प्रतिनिधि** वा समाजसेवीको	प्रहरी कर्मचारीले पीडित बालबालिकाको बयान लिँदा बालबालिकाको **<u>बाबुआमा, अभिभावक,</u>** परिवारका अन्य सदस्य वा संरक्षक उपस्थित हुन सक्ने भएसम्म उनीहरूको उपस्थितिमा र उपस्थित हुन नसकेमा सामाजिक संस्थाका महिला प्रतिनिधि वा समाजसेवीको उपस्थितिमा बयान	ऐ. (क्र.सं. १) । लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक बालबालिकाको विशेष व्यवस्था गर्न आवश्यक भएकाले ।

		उपस्थितिमा बयान लिनु पर्नेछ । तर **<u>बाबुआमा,</u>** संरक्षक वा परिवारका अन्य सदस्यले बालबालिका विरुद्ध हिंसा वा बाल यौन दुर्व्यवहार गरेकोमा बयान लिँदा भने उनीहरूलाई उपस्थित गराउनु हुँदैन ।	लिनु पर्नेछ । **<u>लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक बालबालिकाको हकमा लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक प्रतिनिधिको समेत उपस्थितिमा बयान लिन सकिनेछ ।</u>** तर **<u>बाबुआमा, अभिभावक,</u>** संरक्षक वा परिवारका अन्य सदस्यले बालबालिका विरुद्ध हिंसा वा बाल यौन दुर्व्यवहार गरेकोमा बयान लिँदा भने उनीहरूलाई उपस्थित गराउनु हुँदैन ।	
४१.	दफा ७२ को उपदफा (२) ।	संरक्षक वा परिवारको कुनै सदस्यले आफ्नो दायित्व पूरा नगरेमा वा **<u>आमा, बाबु</u>** वा संरक्षकले अनुचित लाभ लिने मनसायले बालबालिकाको पहिचान लुकाउने गरी नाम, थर परिवर्तन गरेमा वा बालबालिकाको सम्पत्तिको दुरूपयोग गरेमा त्यस्ता **<u>आमा, बाबु</u>** वा परिवारका सदस्य वा	संरक्षक वा परिवारको कुनै सदस्यले आफ्नो दायित्व पूरा नगरेमा वा **<u>आमा, बाबु, अभिभावक</u>** वा संरक्षकले अनुचित लाभ लिने मनसायले बालबालिकाको पहिचान लुकाउने गरी नाम, थर परिवर्तन गरेमा वा बालबालिकाको सम्पत्तिको दुरूपयोग गरेमा त्यस्ता **<u>आमा, बाबु, अभिभावक</u>** वा	ऐ. (क्र.सं. १) ।

		संरक्षकलाई एकलाख रूपैयाँसम्म जरिबाना हुनेछ ।	परिवारका सदस्य वा संरक्षकलाई एकलाख रूपैयाँसम्म जरिबाना हुनेछ ।	
४२.	दफा ७२ को उपदफा (३) को (क) ।	(क) दफा ६६ को उपदफा (२) को खण्ड (क), (ख), (ग), (घ), (ङ), (च) **वा (द)** वा दफा ७८ को उपदफा (१) वा (२) बमोजिमको कुनै कार्य गरेमा पचास हजार रूपैयाँसम्म जरिबाना र एक वर्षसम्म कैद,	(क) दफा ६६ को उपदफा (२) को खण्ड (क), (ख), (ग), (घ), (ङ), (च), **(द), (ध) वा (प)** वा दफा ७८ को उपदफा (१) वा (२) बमोजिमको कुनै कार्य गरेमा पचास हजार रूपैयाँसम्म जरिबाना र एक वर्षसम्म कैद,	बुँदा नं. ३८ मा थप गरिएको कसूरका लागि सजायको व्यवस्था गर्नका लागि।
४३.	दफा ७२ को उपदफा (३) को (घ) ।	दफा ६६ को उपदफा (२) को खण्ड (ज) **वा (झ)** बमोजिमको कुनै कार्य गरेमा एक लाख रूपैयाँसम्म जरिबाना र पाँच वर्षसम्म कैद,	दफा ६६ को उपदफा (२) को खण्ड (ज), **(झ) वा (न)** बमोजिमको कुनै कार्य गरेमा एक लाख रूपैयाँसम्म जरिबाना र पाँच वर्षसम्म कैद,	बुँदा नं. ३८ मा थप गरिएको कसूरका लागि सजायको व्यवस्था गर्नका लागि।
४४.	दफा ७३ को उपदफा (३) ।	उपदफा (१) बमोजिमको क्षतिपूर्तिको रकम लिन नपाउँदै पीडित बालबालिकाको मृत्यु भएमा त्यस्तो रकम निजको **बाबु, आमा** वा निजहरू नभएमा परिवारको अन्य सदस्य वा संरक्षकलाई दिइनेछ ।	उपदफा (१) बमोजिमको क्षतिपूर्तिको रकम लिन नपाउँदै पीडित बालबालिकाको मृत्यु भएमा त्यस्तो रकम निजको **बाबु, आमा, अभिभावक** वा निजहरू नभएमा परिवारको अन्य सदस्य वा	ऐ. (क्र.सं. १) ।

			संरक्षकलाई दिइनेछ ।	
४५.	दफा ७७ ।	**<u>बाबु, आमा,</u>** संरक्षक, परिवारका अन्य सदस्य, शिक्षक तथा समाजसेवीले बालबालिकाको सर्वोत्तम हितलाई विचार गरी दिएको सल्लाह, सुझाव, मार्गदर्शन र निर्देशन पालना गर्नु, सबैलाई सम्मान र आदर गर्नु प्रत्येक बालबालिकाको कर्तव्य हुनेछ ।	**<u>बाबु, आमा, अभिभावक,</u>** संरक्षक, परिवारका अन्य सदस्य, शिक्षक तथा समाजसेवीले बालबालिकाको सर्वोत्तम हितलाई विचार गरी दिएको सल्लाह, सुझाव, मार्गदर्शन र निर्देशन पालना गर्नु, सबैलाई सम्मान र आदर गर्नु प्रत्येक बालबालिकाको कर्तव्य हुनेछ ।	ऐ. (क्र.सं. १) ।
४६.	दफा ८३ को (ङ) ।	खण्ड (घ) बमोजिमको प्रमाणपत्र पनि नभएमा जन्मकुण्डली, चिना, टिपोट, बालबालिकाको **<u>बाबु आमा,</u>** संरक्षक वा परिवारका अन्य सदस्यले खुलाई दिएको उमेर वा यस्तै अन्य सम्बद्ध प्रमाण ।	खण्ड (घ) बमोजिमको प्रमाणपत्र पनि नभएमा जन्मकुण्डली, चिना, टिपोट, बालबालिकाको **<u>बाबु आमा, अभिभावक,</u>** संरक्षक वा परिवारका अन्य सदस्यले खुलाई दिएको उमेर वा यस्तै अन्य सम्बद्ध प्रमाण ।	ऐ. (क्र.सं. १) ।

संशोधन प्रस्तावको व्याख्या

प्रस्तावित संशोधनका मूलभूत व्यवस्थाहरू, तिनको औचित्य एवं कानुनी आधारहरूको व्याख्या निम्नानुसार छ ।

(क) गैर-द्वयसांख्यिक लैङ्गिकताको समावेशीकरण ।

लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक जनसंख्या आफैंमा विविधतापूर्ण छ । यस अन्तर्गत महिला र पुरुषका अतिरिक्त गैर-द्वयसांख्यिक (Non-binary) लैङ्गिक पहिचान भएका व्यक्तिहरू समेत पर्दछन् । परम्परागत द्वयसांख्यिक (Binary) भाषाले पारलैङ्गिक महिला, अन्तरलिङ्गी महिला वा समयौनिक महिला जस्ता महिला पहिचान भएका व्यक्ति एवं पारलैङ्गिक पुरुष, अन्तरलिङ्गी पुरुष वा समयौनिक पुरुष जस्ता पुरुष पहिचान भएका व्यक्तिहरूलाई समेटे तापनि गैर-द्वयसांख्यिक लैङ्गिक पहिचान भएका व्यक्तिहरूलाई समेट्न सक्दैन ।

यसै सन्दर्भमा, प्रस्तुत प्रतिवेदनमा बालबालिका सम्बन्धी मौजुदा ऐनमा रहेका द्वयसांख्यिक लैङ्गिक भाषालाई परिमार्जन गर्ने प्रस्ताव गरिएको छ । यस्तो परम्परागत भाषाले महिला र पुरुषभन्दा भिन्न लैङ्गिक पहिचान भएका गैर-द्वयसांख्यिक व्यक्तिहरूलाई संरचनागत रूपमै वहिष्करणमा पार्छ । कानुनमा केवल महिला र पुरुष मात्र जनाउने शब्दहरू प्रयोग हुँदा गैर-द्वयसांख्यिक व्यक्तिहरू स्वतः कानुनी दायरा र अधिकारबाट वञ्चित हुन पुग्दछन् । परिणामस्वरूप, कानुनको कार्यान्वयनले नै गैर-द्वयसांख्यिक व्यक्तिहरूलाई राज्यको मूल संरचनामा प्रवेश निषेध गरेको देखिन्छ ।

यस विषयमा सर्वोच्च अदालतले सरकारलाई पटक-पटक सचेत गराएको पनि देखिन्छ । नील हिरा समाज समेत विरुद्ध नेपाल सरकार समेत, निर्णय नं. ७९५८, भाग : ५०, साल : २०६५, महिना : श्रावण, अंक : ४, फैसला मिति : २०६४/०९/०६ देखि सर्वोच्च अदालतले हालसम्म लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक जनसंख्या सम्बन्धमा ७ वटा फैसला सुनाइसकेको छ ।

अधीप पोखरेल समेत वि. गृह मन्त्रालय समेत, निर्णय नं. ११०९७, भाग : ६५, साल : २०८०, महिना : भाद्र, अंक : ५, फैसला मिति : २०७९/०९/०४ मा सर्वोच्च अदालतले गरेको व्याख्यामा ध्यानाकर्षण हुन वाञ्छनीय रहन्छ ।

- *छोरा छोरीजस्ता द्वयसंख्यी (binary) शब्दहरू आफैंमा सोपान (hierarchy) हुन् । यस्ता शब्दहरूले सामान्य अर्थमा भावनात्मक सम्बन्ध बोकेको भए तापनि जो व्यक्तिहरू त्यस्ता शाब्दिक अर्थभित्र पर्दैनन् त्यस्ता फरक व्यक्तिहरूले त्यस्ता शब्दहरूको कानूनी प्रयोगबाट शक्ति सम्बन्ध (power relation) मा अन्य फरक व्यक्तिहरूलाई दमन (suppression) वा*

नियन्त्रणमा राखी राखेको हुन सक्ने । यस परिप्रेक्ष्यमा त्यस्ता शब्दहरू प्रयोग भएका कानूनहरू प्रश्नवाचक भई परिवर्तनयोग्य मानिने ।

- *सामान्य भाषिक प्रयोगमा लैङ्गिक तटस्थता तथा समावेशिता नअपनाउँदा लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको पहिचानसम्बन्धी हकको निर्वाध प्रयोगमा बाधा उत्पन्न हुनुका साथै कुनै विषयगत कानूनले प्रदान गरेको हक अधिकारको प्रयोगसमेत निस्तेज हुन सक्ने । कुनै हक अधिकारको प्रचलनबाट कुनै समूहलाई बाहेक नगर्ने कुनै कानूनको उद्देश्य हो भने सो उद्देश्यसमेत कानूनमा प्रयुक्त भाषाबाट प्रतिबिम्बित हुनुपर्ने । कुनै कानूनको विधायिकी मनसाय निक्र्यौल गर्दा सर्वप्रथमतः उक्त कानूनमा प्रयुक्त शब्दको सामान्य अर्थलाई बुझ्नुपर्ने नियम अर्थात् literal rule of interpretation लाई अदालतले अपनाउनुपर्ने हुँदा कानूनमा प्रयुक्त भाषाले कुनै समूहलाई समेट्ने नसमेट्ने प्रस्ट उल्लेख हुनुपर्ने ।*

सोही फैसलामा व्याख्या गरिएको छ, *"नेपालको संविधानद्वारा प्रदत्त हक अधिकार लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका व्यक्तिले पनि समान उपभोग गर्न पाउने भनी धारा १८ द्वारा प्रदत्त समानताको हक तथा यस अदालतबाट प्रतिपादित नजिर सिद्धान्तहरूबाट प्रस्ट भइसकेकाले कानूनमा प्रयुक्त भाषासमेत लैङ्गिकरूपमा समावेशी भई लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायलाई समेट्न सक्नुपर्ने हुन्छ । तर, सङ्घीय ऐन कानूनहरूमा विशेषतः "विवाह" तथा "परिवार" को परिभाषा गर्दा "पति", "पत्नी", "छोरा", "छोरी", "धर्मपुत्र", "धर्मपुत्री", "बुहारी" लगायतका "पुरूष" वा "महिला" जनाउने शब्दहरू प्रयोग गरी परिवारको सदस्यको पहिचान गरिएको पाइन्छ । यसरी "पुरूष" र "महिला" मात्र जनाउने गरी कानूनमा दाम्पत्य तथा पारिवारिक सम्बन्धको परिभाषा गरिनुले लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका व्यक्तिहरूलाई विवाह तथा परिवारसम्बन्धी हकबाट वञ्चित हुनुपर्ने अवस्था सिर्जना भएको देखिन्छ । तसर्थ, लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका व्यक्तिहरूलाई विमुख गर्ने गरी लैङ्गिक सापेक्ष शब्द प्रयोग भएकोमा उक्त कानूनहरूमा लैङ्गिक समावेशी शब्दावली प्रयोग गरी लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका व्यक्तिको पहिचान तथा हकअधिकारलाई समेट्न तथा समावेशिताको थप पहल गर्न सरकारले विधायिकी प्रयास सुरू गर्नुपर्ने विषय ध्यानाकर्षणयोग्य रहेको देखिन्छ ।"*

तसर्थ, द्वयसांख्यिक भाषाको निरन्तरताले गैर-द्वयसांख्यिक लैङ्गिक पहिचानलाई संरचनागत वहिष्करणमा धकेल्ने निश्चित भएकाले, यस वर्गको समावेशीकरणका लागि विधायिकी पहल अपरिहार्य हुन्छ ।

अब गैर-द्वयसांख्यिक लैङ्गिक पहिचानलाई कानुनी रूपमा समावेश गर्न कस्तो शब्दावली वा भाषाको प्रयोग गर्ने भन्ने विषयमा विद्यमान भाषागत संरचनाको मिहिन विश्लेषण गरिनु आवश्यक छ ।

नेपालको संविधानको धारा ७ (१) ले देवनागरी लिपिमा लेखिने नेपाली भाषालाई सरकारी कामकाजको भाषा तोकेको छ । धारा ७ (२) र (३) बमोजिम प्रदेश तथा स्थानीय तहमा अन्य राष्ट्रभाषाहरू समेत प्रयोगमा आउन थालेका छन् । तथापि, सङ्घीय तहमा मुख्यतः नेपाली भाषाकै माध्यमबाट कानुनहरू संहिताबद्ध गरिने हुनाले, नेपाली व्याकरण र भाषिक संरचनाभित्रै गैर-द्वयसांख्यिक लैङ्गिक पहिचानलाई समेट्ने उपयुक्त एवं समावेशी शब्दहरूको खोजी गरिनु आवश्यक छ । साथै, यस्ता विमर्श र संवादहरूलाई क्रमशः नेपालका अन्य राष्ट्रभाषाहरूमा पनि व्यापक बनाउँदै लैजानुपर्छ ।

नेपाली भाषा प्रकृतिगत रूपमै लैङ्गिकतायुक्त (Gendered) भाषा हो । यस भाषाका नाम, सर्वनाम, विशेषण तथा क्रियापद समेत लैङ्गिक आधारमा रूपायन (Inflection/Declension) हुने गर्दछन् । सामान्यतया नेपाली भाषाको व्याकरणमा परम्परागत रूपमा पुलिङ्गी र स्त्रीलिङ्गी गरी दुईवटा लिङ्गको व्यवस्था रहेको मानिन्छ ।[1] यद्यपि, आधुनिक भाषावैज्ञानिक विमर्श र कतिपय भाषाविज्ञहरूका अनुसार नेपाली भाषामा मूलतः 'स्त्रीलिङ्ग' र 'इतरलिङ्ग' (वा शून्यलिङ्ग/अमानवीय लिङ्ग)[2] को मात्र व्यवस्था रहेको तर्क समेत बलियो रूपमा उठ्दै आएको छ । यो मत अनुसार, स्त्रीलिङ्ग बुझाउने स्पष्ट रूपायन बाहेकका अन्य सबै नाम, सर्वनाम र क्रियापदहरू वास्तवमा लैङ्गिक रूपमा तटस्थ वा शून्यलिङ्गी हुन्, जसले पुरुषका अतिरिक्त निर्जीव वस्तु र मानवेतर प्राणीलाई समेत समेट्छन् । अर्थात्, नेपाली व्याकरणिक संरचनामा मानवीय स्त्रीलिङ्गबाहेक अन्य सबै पहिचान, प्राणी वा वस्तुका हकमा एउटै साझा व्याकरणिक लिङ्गको प्रयोग हुन्छ।

यस परिवेशमा गैर-द्वयसांख्यिक लैङ्गिक पहिचानलाई प्रतिविम्बित गर्न भाषामा के-कस्तो सुधार वा विकास गरिनुपर्छ भन्ने पक्ष छुट्टै विमर्शको विषय हुन सक्छ । यद्यपि, वर्तमान अवस्थामा विश्वका विभिन्न भाषाहरूको अभ्यासलाई दृष्टिगत गर्दा, उपलब्ध लैङ्गिक तटस्थ शब्दावलीको प्रयोग नै प्राथमिक विकल्पको रूपमा रहेको देखिन्छ ।

तसर्थ, यस प्रतिवेदनमा गैर-द्वयसांख्यिक लैङ्गिक पहिचानको सुनिश्चितता र समावेशीकरणका लागि निम्नानुसारका लैङ्गिक तटस्थ शब्दावलीहरू प्रयोग गरिएका छन् ।

क्र.सं.	महिलावाचक शब्द	पुरुषवाचक शब्द	लैङ्गिक तटस्थ शब्द
१.	आमा	बाबु	अभिभावक

[1] उमा सुवेदी, "नेपाली भाषामा लैङ्गिक सचेतता र शब्दावलीको रूपायन," नेपाली प्रज्ञा जर्नल, वर्ष ४, अङ्क २ (२०७५): पृष्ठ ४५-५८; बालकृष्ण पोखरेल, नेपाली भाषा र साहित्य (विराटनगरः विमर्श प्रकाशन, २०६४), पृष्ठ ८८।

[2] चूडामणि बन्धु, नेपाली व्याकरणको ऐतिहासिक विकास (काठमाडौँः साझा प्रकाशन, २०७१), पृष्ठ १२१-१२५।

२.	छोरी	छोरा	सन्तान
३.	धर्मपुत्री	धर्मपुत्र	धर्मसन्तान
४.	मातृत्व	पितृत्व	अभिभावकत्व
५.	पत्नी	पति	दम्पती
६.	महिला	पुरुष	व्यक्ति

नेपालको कानुनी तथा विधायी लेखनमा इतरलिङ्गी (पुलिङ्गी) क्रियापदको प्रयोग गर्ने अभ्यास रहिआएको छ । सामान्यतया, कानुनका मस्यौदाहरूमा "गर्नेछ", "हुनेछ", "पाइने छैन" जस्ता इतरलिङ्गी क्रियापदहरू प्रयोग गरिन्छ । यद्यपि, महिला अधिकार र विशिष्टतालाई सम्बोधन गर्न बनेका कतिपय विशेष कानुनहरूमा भने स्पष्ट रूपमा स्त्रीलिङ्गी क्रियापदको समेत प्रयोग गरिएको पाइन्छ । उदाहरणका लागि, महिला हिंसा, प्रसूति सेवा वा प्रजनन अधिकारसँग सम्बन्धित विशिष्ट दफाहरूमा "पाउनेछिन्", "हुनेछिन्" वा "गर्नेछिन्" जस्ता स्त्रीलिङ्गी क्रियापदहरू प्रयोग गरिन्छ ।

लैङ्गिक तटस्थ शब्दहरूको विकल्प हुँदा पनि गैर-द्वयसांख्यिक लैङ्गिक पहिचानलाई कानुनी भाषामा समेट्ने सन्दर्भमा नेपाली भाषाको आफ्नै व्याकरणिक बनोटका कारण केही चुनौतीहरू विद्यमान छन् । नेपाली भाषा मूलतः नातागोता र मानवीय सम्बन्धहरूमा अत्यधिक लैङ्गिकतायुक्त छ। हाम्रा कतिपय मौलिक भाषिक शब्दहरूमा द्वयसांख्यिक घेराभन्दा बाहिरको कुनै लैङ्गिक-तटस्थ विकल्प नै उपलब्ध छैन । उदाहरणका लागि :- काका, काकी, ठूलोबा, ठूलीआमा, फुपू, फुपाजु, मामा, माइजू, इत्यादी । यी शब्दहरू प्रयोग गर्दा गैर-द्वयसांख्यिक पहिचान भएका नातागोतालाई समेट्ने कुनै पनि साझा शब्द नेपाली व्याकरणमा उपलब्ध छैन । हाम्रो वर्तमान भाषागत परिवेश लैङ्गिक द्वयसांख्यिकताका साथै विषमयौनिक समीभावी (Heteronormative) अवधारणाबाट सृजित छ । यसमा सम्पूर्ण पारिवारिक नातागोताको परिभाषा महिला र पुरुषबीचको सम्बन्ध वा विन्यासमा मात्र आधारित छ । काकाकी श्रीमती काकी, मामाकी श्रीमती माइजू, फुपूका श्रीमान् फुपाजु जस्ता भाषिक प्रयोगहरू यसका स्पष्ट उदाहरण हुन् । यस प्रकारको पारम्परिक शब्दभण्डारले गैर-द्वयसांख्यिक र विविध यौनिक पहिचान भएका व्यक्तिहरूलाई पारिवारिक तथा कानुनी दायरामा समेट्न मुख्य चुनौती खडा गरेको छ । यसको दीर्घकालीन समाधानका लागि कानुनी विधाभित्र लैङ्गिक-तटस्थ शब्दावली र समावेशी भाषिक संरचनाको थप विकास एवं मानकीकरण गरिनु आवश्यक देखिन्छ ।

तसर्थ, वर्तमान भाषिक सीमाभित्रै व्यावहारिक समाधान खोज्ने क्रममा परिवारको परिभाषाको दायरा फराकिलो बनाउँदै, त्यहाँ 'एकासगोलमा बस्ने गैर-द्वयसांख्यिक लैङ्गिक पहिचानका व्यक्ति' समेत समेटिने गरी परिमार्जन प्रस्ताव गरिएको छ ।

यद्यपि लैङ्गिक तटस्थ शब्दहरूले महिला, पुरुष र गैर-द्वयसांख्यिक सबै वर्गलाई सैद्धान्तिक रूपमा समेट्ने सामर्थ्य राख्छन्, तापनि यस प्रतिवेदनमा विद्यमान महिलावाचक र पुरुषवाचक शब्दहरूलाई यथावत् राख्दै त्यसका साथमा लैङ्गिक तटस्थ शब्द थप गर्ने प्रस्ताव गरिएको छ । यस द्वि-मार्गी भाषिक रणनीति अपनाउनुका पछाडि देहायका व्यावहारिक र सामाजिक कारणहरू रहेका छन् ।

हाम्रो समाज अझै पनि संरचनागत रूपमा पितृसत्तात्मक छ, जहाँ सामाजिक रूपमा 'आमा' र 'बुबा' का कानुनी दायित्व, अधिकार र भोगाइहरू फरक र विशिष्ट छन् । कतिपय कानुनी र व्यावहारिक परिस्थितिहरूमा राज्यले आमा र बुबा बीच भिन्नता छुट्याएर विशेष संरक्षण (जस्तैः मातृत्वको संरक्षण, महिलाको विशिष्ट स्वास्थ्य अधिकार) प्रदान गर्नु अनिवार्य हुन्छ । कानुनबाट 'बाबु' वा 'आमा' जस्ता स्थापित शब्दहरू पूर्ण रूपमा हटाउँदामहिलाहरूले आफ्ना विशिष्ट अधिकारका लागि गरेका संघर्ष र उपलब्धिहरू ओझेलमा पर्ने वा सङ्कुचनमा आउने जोखिम रहन्छ । तसर्थ, कानुनमा परम्परागत रूपमा स्थापित 'बाबु वा आमा' जस्ता द्वयसांख्यिक शब्दावलीको अस्तित्वलाई पनि कायम राख्ने, र अर्कोतर्फ गैर-द्वयसांख्यिकलैङ्गिक पहिचान भएका व्यक्तिहरू समेत कानुनी अधिकारबाट वञ्चित वा वहिष्कृत नहुने गरी दुबै पक्षको सन्तुलित समावेशीकरणका लागि यो भाषिक ढाँचा प्रस्ताव गरिएको हो ।

संयुक्त राष्ट्र सङ्घले संस्थागत सञ्चार तथा प्रशासनिक दस्तावेजहरूमा व्याप्त लैङ्गिक पूर्वाग्रह र असमानता न्यूनीकरण गर्ने उद्देश्यले लैङ्गिक समावेशी भाषा निर्देशिका जारी गरेको पाइन्छ । यो निर्देशिका सङ्घका छवटै आधिकारिक भाषाहरू (अंग्रेजी, फ्रान्सेली, स्पेनी, अरबी, रूसी र चिनियाँ) का लागि तयार गरिएको छ । यसले परम्परागत पुरुषवाची शब्दहरूलाई मात्र साझा मानक मान्ने परिपाटीको अन्त्य गर्दै, पद वा पेशागत पदवीहरूलाई लैङ्गिक रूपमा तटस्थ राख्न र वाक्य गठन गर्दा सामूहिक वा समावेशी शब्दावली चयन गर्न निर्देशित गर्दछ ।[3]

क्यानडाको Department of Justice ले संघीय कानुन र सरकारी कागजातहरूमा लैङ्गिक रूपमा तटस्थ शब्दहरू, जस्तैः person, individual, वा sibling प्रयोग गर्न अनिवार्य गरेको छ । पद नामहरूमा fireman को सट्टा firefighter वा ombudsman को सट्टा ombudsperson प्रयोग गरिन्छ

[3] United Nations. (n.d.). Guidelines for gender-inclusive language: English. Department of Global Communications. https://www.un.org/en/gender-inclusive-language/guidelines.shtml

।[4] बेलायतको Office of the Parliamentary Counsel ले सरकारी कानुनी मस्यौदामा लैङ्गिकतायुक्त सर्वनाम (Gender-specific pronouns) को प्रयोगलाई निषेध गर्दै वाक्यको पुनर्संरचना गर्ने वा संज्ञा (Noun) लाई नै दोहोऱ्याउने नीति आधिकारिक रूपमा लागू गरेको छ ।[5] युरोपेली संसदको सचिवालयद्वारा संसदीय बहस, विधायिकी मस्यौदा आधिकारिक दस्तावेजहरूमा लैङ्गिक- तटस्थ भाषाको प्रयोग सुनिश्चित गर्न Gender Neutral Language in the European Parliament नामक एक बहुभाषिक मार्गनिर्देशन जारी गरेको पाइन्छ । यस निर्देशिकाले बहुसांस्कृतिक र बहुभाषिक परिवेशमा काम गर्ने अनुवादक, कानुनी मस्यौदाकार र कर्मचारीहरूलाई सम्बोधन गर्दै परम्परागत पुरुषवाची शब्दहरूलाई मात्र साझा वा मानक मान्ने परिपाटीलाई निरुत्साहित गर्दछ ।[6] भारतको सर्वोच्च अदालतले कानुनी क्षेत्र, अदालती फैसला र बहसहरूमा प्रयोग हुने लैङ्गिक पूर्वाग्रह र रूढिवादी (Stereotypical) शब्दहरूलाई हटाउने उद्देश्यका साथ Handbook on Combating Gender Stereotypes जारी गरेको पाइन्छ । तत्कालीन प्रधानन्यायाधीश डी.वाई. चन्द्रचूडको पहलमा तयार पारिएको यस निर्देशिकाले अदालतमा परम्परागत रूपमा प्रयोग गरिने अपमानजनक वा विभेदकारी शब्दहरूको सट्टा मर्यादित र लैङ्गिक तटस्थ विकल्पहरू प्रयोग गर्न मार्गनिर्देशन गरेको छ ।[7]

नेपाल सरकार मन्त्रीपरिषदबाट मिति २०६६/०४/१९ मा स्वीकृत कानून तर्जुमा दिग्दर्शन, २०६६ को भाग २ (२.१.२२) मा लैङ्गिक तटस्थता सम्बन्धी व्यवस्था गरिएको छ । यस दिग्दर्शन अनुसार लिङ्ग विशेषलाई नै कानूनी संरक्षण दिनुपर्ने अवस्थामा बाहेक लैङ्गिक आधारमा भेदभाव जनिने गरी लिङ्गबोधक शब्दको प्रयोग वा वाक्य निर्माण गर्नु नहुने उल्लेख छ ।

(ख) प्रतिनिधित्वको अधिकार ।

नेपालको संविधानको धारा ४२ (१) ले लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक जनसंख्यालाई समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक हुने स्पष्ट व्यवस्था गरेको छ । सोही संवैधानिक मर्म र भावना अनुरूप, बालबालिका सम्बन्धी नीति निर्माण, कार्यान्वयन र अनुगमन गर्ने सर्वोच्च नीतिगत तह एवं गठित विभिन्न वैधानिक निकायहरूमा लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक जनसंख्याको समेत अर्थपूर्ण, न्यायोचित र अनिवार्य प्रतिनिधित्व सुनिश्चित गरिनु अपरिहार्य देखिन्छ

[4] Department of Justice Canada. (2021, September 1). Legistics: Gender-neutral language. Government of Canada. https://canada.justice.gc.ca/eng/rp-pr/csj-sjc/legis-redact/legistics/p1p15.html
[5] Office of the Parliamentary Counsel, & Cabinet Office. (2024, April 4). Office of the Parliamentary Counsel drafting guidance. GOV.UK. https://www.gov.uk/government/publications/drafting-bills-for-parliament
[66] European Parliament. (2018). Gender-neutral language in the European Parliament. Secretariat-General of the European Parliament. https://www.europarl.europa.eu/cmsdata/151780/GNL_Guidelines_EN.pdf
[7] Supreme Court of India. (2023). Handbook on combating gender stereotypes. Government of India. https://cdnbbsr.s3waas.gov.in/s3ec0490f1f4972d133619a60c30f3559e/uploads/2024/01/2024012544.pdf

। राज्यका संयन्त्रहरूमा यस जनसंख्याको अर्थपूर्ण प्रतिनिधित्वले नीति निर्माणलाई बढी व्यावहारिक र समावेशी बनाउनुका साथै सामाजिक न्याय र नागरिक अपनत्वको प्रत्याभूति गराउँछ।

(ग) गर्भधारण गर्न सक्ने सबै व्यक्तिको समावेशीकरण र अधिकार सुनिश्चितता

प्रचलित कानुनले जबर्जस्ती करणी वा हाडनाता करणीबाट जन्मिएका बालबालिकाको जन्मदर्ताका हकमा आमाको नाम मात्र उल्लेख गरी दर्ता गर्ने कानुनी व्यवस्था गरेको छ । तर, गर्भधारण गर्ने व्यक्ति यदि कानुनी र सामाजिक रूपमा पारलैङ्गिक पुरुष वा गैर-द्वयसांख्यिक व्यक्ति हो भने, स्पष्ट कानुनी व्यवस्थाको अभावमा त्यस्ता व्यक्तिहरूबाट जन्मिएका बालबालिकाको जन्मदर्ता नै हुन नसक्ने गम्भीर प्रशासनिक जटिलता देखिन्छ । परिणामस्वरूप, ती बालबालिकाहरू पहिचानविहीन भई कानुनी शून्यतामा पर्ने उच्च जोखिम रहन्छ । तसर्थ, यो प्रस्तावित संशोधनले बालबालिकाको जन्मसिद्ध कानुनी पहिचानको हकलाई पूर्ण रूपमा सुनिश्चित गर्दछ ।

नेपालको संविधानको धारा १२ ले लैङ्गिक पहिचान सहितको नागरिकताको अधिकार सुनिश्चित गरेको छ भने धारा १६ ले सम्मानपूर्वक बाँच्न पाउने हकको ग्यारेन्टी गरेको छ । गर्भधारण गर्ने क्षमता भएका पारलैङ्गिक पुरुषको पहिचान 'पिता' र गैर-द्वयसांख्यिक व्यक्तिको पहिचान 'अभिभावक' हो । कानुनले निजको सुसूचित मञ्जुरी र चाहना बमोजिम पिता वा अभिभावकको नाम मात्र उल्लेख गरी जन्मदर्ता गर्ने कानुनी बाटो प्रशस्त गरेर राज्यको स्थापित प्रशासनिक दस्तावेजमै निजको मर्यादित लैङ्गिक पहिचानलाई सम्मान र संस्थागत गर्दछ ।

लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक व्यक्तिहरू समेत समाजमा जबर्जस्ती करणी वा हाडनाता करणी जस्ता जघन्य अपराधको सिकार हुन सक्छन् भन्ने यथार्थलाई यस संशोधनले अंगीकार गरेको छ । यस्तो संवेदनशील अवस्थामा पीडित (जसको पहिचान पारलैङ्गिक पुरुष वा गैर-द्वयसांख्यिक व्यक्ति हो) र निजबाट जन्मिएको बालबालिकाले राज्यको झन्झटिलो प्रशासनिक प्रक्रियाका कारण थप मानसिक उत्पीडन वा पुनःपीडीकरण (Secondary Victimization) भोग्नु नपरोस् भन्नका लागि यो सुरक्षात्मक कानुनी व्यवस्था अनिवार्य देखिन्छ ।

यदि पीडित पिता/अभिभावक वा परिवारका अन्य सदस्यहरू गम्भीर मानसिक आघात (Trauma), सामाजिक लाञ्छना वा अन्य प्रतिकूल असमर्थताका कारण बालबालिकाको जन्मदर्ताका लागि आफैं अघि सर्न नसकेको वा नचाहेको अवस्थामा समेत बालबालिका कानुनी अधिकारबाट वञ्चित हुनु हुँदैन। यस्तो विशिष्ट परिस्थितिमा स्थानीय बाल अधिकार समितिको सिफारिसका आधारमा सम्बन्धित पञ्जिकाधिकारीले स्वतः जन्मदर्ता गरिदिने यो व्यवस्थाले राज्यको लोककल्याणकारी र अभिभावकीय भूमिका (Parens Patriae) लाई वास्तविक अर्थमा चरितार्थ गर्दछ ।

संयुक्त राष्ट्र संघको गोपनीयताको अधिकार सम्बन्धी विशेष प्रतिवेदकको Report of the Special Rapporteur on the right to privacy (दस्तावेज नं A/HRC/43/52) को 34 (a) मा *Birth certificates are issued for children upon birth, including for indigenous and tribal children, and that they reflect the self-defined gender identity of the parents;* भनी सुझाव दिएको छ ।

(घ) भेदभाव विरुद्धको संरक्षण

नेपालको बाल अधिकार कानुनलाई थप समावेशी र समतामूलक बनाउने क्रममा लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक बालबालिकाहरूको अधिकारलाई स्पष्ट रूपमा सुरक्षित गरिएको छ । बालबालिकाहरू हुर्कने क्रममा उनीहरूको यौन अभिमुखिकरण (कोप्रति आकर्षित हुने), लैङ्गिक पहिचान (स्वःअनुभूतिको लैङ्गिक पहिचान) र यौन विशेषता (प्राकृतिक शारीरिक बनोट) का आधारमा घर, विद्यालय वा समाजमा कुनै पनि प्रकारको दुरुत्साहन, अपमान, वा वञ्चितीकरणलाई निषेध गर्न यी तीनवटै आधारहरूलाई कानुनमा समेटिएको हो । यस व्यवस्थाले समाजमा सबैभन्दा बढी जोखिममा रहेका सीमान्तकृत बालबालिकाहरूलाई बलियो कानुनी संरक्षण प्रदान गर्दै, उनीहरूलाई आफ्नो वास्तविक पहिचानसहित आत्मसम्मानका साथ सुरक्षित वातावरणमा शिक्षा, स्वास्थ्य र न्याय पाउने मौलिक अधिकारको सुनिश्चितता गर्दछ ।

नील हिरा समाज समेत विरुद्ध नेपाल सरकार समेत, निर्णय नं. ७९५८, भाग : ५०, साल : २०६५, महिना : श्रावण, अंक : ४, फैसला मिति : २०६४/०९/०६ मा नै सर्वोच्च अदालतले यौन अभिमुखिकरण र लैङ्गिक पहिचानका आधारमा हुने विभेदलाई पहिचान गरेको पाइन्छ ।

संयुक्त राष्ट्र सङ्घले यौन अभिमुखिकरण (Sexual Orientation), लैङ्गिक पहिचान (Gender Identity) तथा यौन विशेषता (Sex characteristics) SOGIESC का आधारमा हुने हिंसा र भेदभाव विरुद्ध सन् २०१६ मा एउटा छुट्टै स्वतन्त्र विज्ञ UN Independent Expert on SOGI को पद स्थापना गरेको छ । यसले विश्वभरका लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक जनसंख्याको मानवअधिकार रक्षा र अनुगमन गर्ने विशेष जिम्मेवारी पाएको छ । यसरी अन्तर्राष्ट्रिय स्तरमै SOGIESC लाई मान्यता दिँदै उच्च प्राथमिकताका साथ विशिष्ट संयन्त्र निर्माण गरिएकाले पनि नेपाल जस्ता सदस्य राष्ट्रहरूलाई आफ्नो बाल अधिकार कानुनमा यी तीनवटै आधारहरू (यौन अभिमुखिकरण, लैङ्गिक पहिचान र यौन विशेषता) समेटेर संसोधन गर्न र सीमान्तकृत बालबालिकाहरूको अधिकार सुनिश्चित गर्न थप कानुनी एवं नैतिक बल पुगेको देखिन्छ ।

संयुक्त राष्ट्र सङ्घीय आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी समिति (CESCR) ले आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (ICESCR) को धारा

२(२) मा रहेको भेदभाव विरुद्धको अधिकारका सम्बन्धमा सामान्य टिप्पणी नं. २० (General Comment No. 20) मार्फत् उक्त भेदभाव विरुद्धको अधिकार अन्तर्गत यौन अभिमुखिकरण (sexual orientation) तथा लैङ्गिक पहिचान (gender identity) पनि सन्निहित रहेको भनी व्याख्या गरेको पाइन्छ ।

संयुक्त राष्ट्र संघका यौन अभिमुखीकरण र लैङ्गिक पहिचान सम्बन्धी स्वतन्त्र विशेषज्ञ (Independent Expert on SOGIE) को प्रतिवेदन Protection against violence and discrimination based on sexual orientation and gender identity (दस्तावेज नं. A/76/152) को बुँदा 82 (a) मा *Address acts of discriminatory violence and hate crimes based on sexual orientation and/or gender identity, as well as incitement to them through all necessary measures in law, public policy and access to justice, with the involvement of the communities, populations and persons who are impacted by them;* भनी उल्लेख छ ।

त्यसै गरी सोही शीर्षकको अर्को प्रतिवेदन (दस्तावेज नं A/74/181) को 98 (b) मा *The adoption of legislation enshrining anti-discrimination measures with explicit reference to sexual orientation and gender identity;* भनी उल्लेख छ । त्यस्तै अर्को प्रतिवेदन (दस्तावेज नं A/HRC/47/27) को 90 मा *The Independent Expert recommends that States put in place measures to identify human rights violations carried out on the basis of sexual orientation and gender identity, accompanied by fact-finding and, if appropriate, acknowledgement of responsibility and applicable reparation measures conducive to redress.* भनी उल्लेख छ ।

त्यसै गरी उक्त विज्ञको The right to the enjoyment of the highest attainable standard of physical and mental health of persons, communities and populations affected by discrimination and violence based on sexual orientation and gender identity in relation to the Sustainable Development Goals प्रतिवेदन (दस्तावेज नं A/HRC/50/27) मा *76 (a) Acknowledge that ensuring healthy lives and promoting well-being for all and leaving no one behind will only be achieved if discrimination and violence based on sexual orientation and gender identity, as well as on sex characteristics, are addressed through actions conducive to their eradication; (d) Address issues concerning violence and discrimination based on sexual orientation and gender identity, as well as sex characteristics, under relevant items of the agenda of the high-level political forum in 2022, including in the thematic review of Goal 5, as well as in the agenda of future review forums and monitoring processes at the global, regional and national levels; (i) Adopt all measures necessary for the consideration of constitutional or legal protection from violence and discrimination based on sexual orientation and gender identity, as well as sex characteristics, as detailed in the report of the mandate on the matter;* भनी उल्लेख भएको छ ।

(ङ) विशेष संरक्षण

लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक बालबालिकाहरू समाजमा सबैभन्दा बढी हिंसा, मानसिक प्रताडना र संस्थागत बहिष्करणको उच्च जोखिममा रहने भएकाले उनीहरूको अधिकार रक्षाका लागि सामान्य कानुनी व्यवस्था मात्र पर्याप्त नहुने हुँदा राज्यले विशेष संरक्षणको नीति अवलम्बन गर्नु अनिवार्य देखिन्छ । नेपालको संविधान धारा १८(३) को प्रतिबन्धात्मक वाक्यले पनि यसलाई अनुमोदन गरेको छ ।

राष्ट्रिय बालबालिका नीति, २०८० ले लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक बालबालिकाको विशिष्ट अधिकार र आवश्यकतालाई औपचारिक रूपमा पहिचान गर्दै विभिन्न संरक्षणात्मक व्यवस्थाहरू अङ्गीकार गरेको छ । नीतिको प्रकरण ४ मा यस समूहका बालबालिकाको अधिकार संरक्षण र प्रवर्धन गर्नुलाई एक प्रमुख चुनौतीका रूपमा स्वीकार गरिएको छ भने सोहीअनुरूप बुँदा १२.१.५ मा उनीहरूको विशेष संरक्षणका लागि आवश्यक कानूनी सुधार गरिने प्रतिबद्धता जनाइएको छ । यसै गरी, बुँदा १२.३.३ मा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक बालबालिकाविरुद्ध हुने विभेद र लाञ्छनाजन्य कार्यहरूलाई कानूनी दायरामा ल्याउन सहजीकरण गर्दै समुदायमा सचेतना अभिवृद्धि गर्ने र बुँदा १२.४.६ मा प्रचलित कानूनबमोजिम प्राप्त गर्ने सरकारी कागजातहरूमा उनीहरूको लैङ्गिक पहिचान स्पष्ट रूपमा खुल्ने गरी उपलब्ध गराउन सहजीकरण गर्ने उल्लेख छ । अतः यी नीतिगत तथा रणनीतिक कार्यनीतिहरूले लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक बालबालिकालाई राज्यको विशेष संरक्षणको दायरामा समेट्दै उनीहरूको पहिचान, आत्मसम्मान र समानताको अधिकार सुनिश्चित गर्न जोड दिएको देखिन्छ ।

राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ ले महिला र पुरुषका साथै लैङ्गिक तथा यौनिक अल्पसंख्यक जनसंख्याको हकअधिकार र अस्तित्वलाई नीतिगत रूपमा आत्मसात् गरेको छ । यस नीतिको पृष्ठभूमि र विद्यमान समस्या खण्डमा समाजमा लैङ्गिक तथा यौनिक अल्पसंख्यक जनसंख्यामाथि हुने शारीरिक तथा मानसिक हिंसा र उनीहरूको खण्डीकृत तथ्याङ्कको अभावलाई प्रमुख समस्याका रूपमा औंल्याइएको छ । यसै सन्दर्भमा नीतिको परिच्छेद ८ मा महिला, पुरुष र लैङ्गिक तथा यौनिक अल्पसंख्यकबीच कानूनी (de jure) र व्यावहारिक (de facto) समानता कायम गर्ने दीर्घकालीन लक्ष्य राखिएको छ । यसका लागि कार्यनीति अन्तर्गत बुँदा ११.२ (छ) मा लैङ्गिक तथा यौनिक अल्पसंख्यक जनसंख्याका हिंसापीडित व्यक्तिहरूको सुरक्षा र पुनर्स्थापनाका लागि मापदण्ड तोकी सेवा केन्द्रहरू सञ्चालन गर्ने, बुँदा ११.२ (र) मा लैङ्गिक तथा यौनिक अल्पसंख्यक जनसंख्याप्रति समाजको सोच र व्यवहारमा परिवर्तन ल्याउन सचेतना जगाउने तथा आत्मनिर्भरताका लागि क्षमता अभिवृद्धि र स्वरोजगारका कार्यक्रमहरू सञ्चालन गर्ने उल्लेख छ । साथै, बुँदा ११.३ (ठ) र (ढ) मा निजी क्षेत्रका सेवा प्रवाहलाई लैङ्गिक तथा यौनिक अल्पसंख्यक मैत्री बनाउन

प्रोत्साहित गर्ने र नीतिगत खुला छलफलहरूमा यस समुदायका पैरवीकर्ताहरूलाई परिचालन गर्ने व्यवस्था गरिएको छ । अतः यस राष्ट्रिय नीतिले लैङ्गिक तथा यौनिक अल्पसंख्यक जनसंख्याको पहिचान, सामाजिक न्याय र समानताको अधिकार सुनिश्चित गर्न स्पष्ट मार्गचित्र प्रस्तुत गरेको देखिन्छ ।

नारायणभक्त श्रेष्ठसमेत वि. नेपाल सरकार समेत, निर्णय नं. १०२५२ - उत्प्रेषण, भाग : ६१, साल : २०७६, महिना : श्रावण, अंक : ४, फैसला मिति : २०७५/०९/२६, रिट नं ०७०-WO-०३५५ मा *"सकारात्मक विभेद (Positive or protective discrimination) भनिने संरक्षणको व्यवस्था गर्नु राज्यको इच्छा (Pleasure) को विषय नभएर कर्तव्यको विषय हो"* भन्ने व्याख्या भएको छ ।

संयुक्त राष्ट्र संघका यौन अभिमुखीकरण र लैङ्गिक पहिचान सम्बन्धी स्वतन्त्र विशेषज्ञ (Independent Expert on SOGIE) को प्रतिवेदन Protection against violence and discrimination based on sexual orientation and gender identity (दस्तावेज नं. A/78/227) को बुँदा 65 (d) मा *Adopt affirmative anti-discrimination measures, including laws, policies and other relevant actions, established through a human rights-based approach, in the health, education, employment and housing sectors and in relation to political participation* भनी उल्लेख छ ।

(च) गोपनीयताको अधिकार सम्बन्धी विशेष व्यवस्था

लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक बालबालिकाहरू मध्ये पनि विशेष गरी अन्तरलिङ्गी, पारलैङ्गिक तथा गैर-द्वयसांख्यिक बालबालिकाहरूका गोपनीयता सम्बन्धी आवश्यकताहरू विशिष्ट प्रकृतिका हुन्छन् ।

पारलैङ्गिक तथा गैर-द्वयसांख्यिक बालबालिकाहरू आफ्नो स्वःअनुभूतिको लैङ्गिक पहिचान अनुसार जीवनयापन गर्न थालेपछि, उनीहरूको पूर्ववत् नाम (Deadname), तस्वीर वा लैङ्गिक विवरण सार्वजनिक हुनु गम्भीर मानसिक आघातको कारण बन्न सक्छ । सम्बन्धित बालबालिकाको अनुमति बिना उसको अतीतको पहिचानलाई जबर्जस्ती उजागर गरिदिने कार्य (Outing) ले उनीहरूलाई विद्यालय, परिवार र समाजमा घृणा, दुर्व्यवहार (Bullying) र हिंसाको जोखिममा धकेल्छ । त्यति मात्र नभएर यसले सामाजिक लाञ्छनाको स्वरूप पनि लिन्छ । अतः यस कानुनी व्यवस्थाले त्यस्तो अनपेक्षित प्रकटीकरणबाट सिर्जित हुने वञ्चितीकरण र सामाजिक लाञ्छना विरुद्ध बालबालिकालाई पूर्ण सुरक्षा प्रदान गर्दछ ।

अन्तरलिङ्गी बालबालिकाहरूको शारीरिक बनोट (यौन विशेषता) परम्परागत रूपमा तोकिएका स्त्रीलिङ्गी र पुलिङ्गीको मानकभन्दा भिन्न भएकाले यस जैविक विविधता सम्बन्धी विवरण नितान्त व्यक्तिगत र संवेदनशील हुने हुँदा यसको गोपनीयता सुरक्षित गर्नु उनीहरूको शारीरिक एवं मानसिक अखण्डताको रक्षा गर्नु हो । यस व्यवस्थाले उनीहरूको स्वास्थ्य सम्बन्धी व्यक्तिगत विवरणहरू (Medical Records) अनाधिकृत व्यक्ति, समूह वा निकायको पहुँचमा पुग्नबाट रोक्न कानुनी ढालको काम गर्दछ ।

यस व्यवस्थाले बालबालिकालाई आफ्नो अतीतको पहिचान उजागर हुने भय बिना, वर्तमानमा आफ्नो वास्तविक पहिचानका साथ निर्धक्क भएर जिउने वातावरण प्रदान गर्दछ । विद्यालयको उपस्थिति पुस्तिका, शैक्षिक प्रमाणपत्र वा अन्य प्रशासनिक कागजातहरूमा उनीहरूको पूर्ववत् विवरणलाई गोप्य राख्न पाउने अधिकारले बालबालिकाको मानसिक स्वास्थ्यलाई सबल बनाउनुका साथै उनीहरूको सिकाइ र शिक्षा आर्जनको प्रक्रियालाई सहज एवं मर्यादित बनाउँछ । विद्यालय तथा सार्वजनिक निकायहरूमा पूर्ववत् विवरण वा नाम (Deadname) गोप्य रहँदा बालबालिकाहरू पूर्वाग्रहप्रेरित दुर्व्यवहार (Bullying), मानसिक प्रताडना र सम्भावित घृणाजन्य अपराध (Hate Crimes) बाट जोगिन्छन्, जसले गर्दा समाजमा हुने अनपेक्षित द्वन्द्व, विभेद र हिंसात्मक घटनाहरूमा स्वतः कमी आई सामाजिक शान्ति एवं सद्भाव कायम राख्न मद्दत पुग्दछ । पहिचान र गोपनीयताको संकटका कारण धेरैजसो लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक बालबालिकाहरू बीचमै विद्यालय छोड्न (Drop-out) बाध्य हुने वा मानसिक तनावका कारण आफ्नो अन्तर्निहित क्षमता प्रस्फुटन गर्न नसक्ने अवस्थामा पुग्छन् । यो कानुनले उनीहरूको शैक्षिक यात्रालाई निरन्तरता दिन सुरक्षित वातावरण सुनिश्चित गर्ने भएकाले भविष्यमा उनीहरू समाजका लागि उत्पादक, दक्ष र आत्मनिर्भर नागरिक बन्न सक्छन् ।

गोपनीयताको हकलाई अक्षुण्ण राख्दै यस प्रस्तावले व्यावहारिक सन्तुलन पनि कायम गरेको छ । बालबालिकाकै सर्वोत्तम हितका लागि आवश्यक पर्ने स्वास्थ्योपचार, फौजदारी अपराधको अनुसन्धान, न्यायिक प्रक्रिया, वा व्यक्तिगत पहिचान नखुल्ने गरी गरिने प्राज्ञिक अनुसन्धान र तथ्याङ्कीय प्रयोजनका लागि मात्र प्रचलित कानुन बमोजिम यस्ता विवरण प्रयोग गर्न सकिने गरी न्यायसङ्गत अपवादहरू तय गरिएका छन् ।

नेपाल वातावरणीय कानून व्यवसायी संघ (नेला) वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत (निर्णय नं. ८७०३, भाग : ५३, साल : २०६८, महिना : माघ, अंक : १०, फैसला मिति : २०६६/०१/३०) मा सर्वोच्च अदालतले गोपनीयताको हक सम्बन्धी गरेको व्याख्या यस रोहमा पनि महत्वपूर्ण छ । *"व्यक्तिका कतिपय गोप्य कुराहरू अन्य व्यक्तिले थाहा पाएको*

अवस्थामा थाहा पाउने व्यक्तिले अर्को व्यक्तिलाई नियन्त्रणमा राख्न सक्ने हुन्छ । यसको परिणामस्वरुप व्यक्तिगत सूचना प्रवाह हुने व्यक्तिको व्यक्तिगत स्वतन्त्रतामा नै आघात पुग्न जाने हुन्छ । त्यसकारण व्यक्तिको व्यक्तिगत स्वतन्त्रताको रक्षाको लागि निजको गोपनीयता सम्बन्धी अधिकारको संरक्षण गर्नुपर्ने ।"

संयुक्त राष्ट्र संघको गोपनीयताको अधिकार सम्बन्धी विशेष प्रतिवेदकको Report of the Special Rapporteur on the right to privacy (दस्तावेज नं A/HRC/43/52) मा यौन अभिमुखिकरण, लैङ्गिक पहिचान तथा यौन विशेषताको गोपनीयताका सम्बन्धमा विशेष र विस्तृत सुझावहरू प्रस्तुत गरिएको पाइन्छ । यसमा अन्तरलिङ्गी, पारलैङ्गिक, गैर-द्वयसांखिक लगायतका समूहहरूको गोपनीयता सम्बन्धी विशेष आवश्यकतालाई सम्बोधन गरिएको छ ।

27. States and non-State actors should:

(a) Recognize that:

(i) The right to privacy includes gender identity and the freedom of individuals to make autonomous decisions about their bodies;

(ii) The privacy needs and aspirations of people and populations of cisnormativity and diverse sexual orientations, gender identities, gender expressions and sex characteristics, while having common ground, are distinct from one another;

(iii) Other factors, such as disability, age, indigeneity and social origins, intersect with gender, typically to intensify experiences of privacy and gender;

(iv) An intersectional approach is necessary to address the gender aspects of privacy;

(c) Ensure that requirements for the provision by individuals of sex and gender information:

(i) Are relevant, reasonable and necessary, as required by law for a legitimate purpose in the circumstances in which such provision is sought;

(ii) Respect the right to self-determination of gender;

(iii) Protect against the arbitrary or unwanted disclosure or threatened disclosure of such information;

(iv) Support research into the right to privacy and gender to better understand the benefits, prevention and mitigation of harms arising from infringements of privacy.

34. States should ensure that:

(b) Court records containing sensitive details of the sex characteristics of intersex children, addresses, details of genitalia and surgical procedures, among other personal information, are not accessible by search engines;

35. States and non-State actors should:

(a) Facilitate formal recognition of identity, regardless of an individual's gender, by ensuring that:

(i) Requirements for information on sex or gender are relevant, reasonable and necessary, as required by law for a legitimate purpose in the circumstances in which it is sought, and that they respect everyone's right to self-determine their name and gender;

(ii) Changes to the name or gender marker are not disclosed without the prior, free and informed consent of the person concerned, unless ordered by a court;

(b) Protect the data of individuals who have changed their sex and/or gender on official records by:

(i) Protecting their history of changes of sex and/or gender or name from interference;

(ii) Ensuring that such data are recorded and accessed only when the history is relevant to decision-making;

(iii) Requiring robust security controls;

(iv) De-identifying or destroying such information when no longer required;

36. States should ensure that:

(a) Government digital identity programmes are not used to monitor and enforce societal gender norms or for purposes that are not lawful, necessary or proportionate in a democratic society;

(b) Official identity documents include only relevant, reasonable and necessary personal information relating to sex and gender, as required by law for a legitimate purpose;

39. States and non-State actors should:

(c) Prevent the disclosure of personal health data related to reproductive health, sexual orientation, gender identity, gender expression and sex characteristics, such as gender-affirming treatment, without the free, prior and informed consent of the person;

44. States should:

(n) Protect the personal data of gender-nonconforming individuals, such as transgender and intersex persons, in court documentation, including by having decisions revealing the personal data of transgender persons suppressed upon request, provided that that does not compromise the integrity of judicial processes and proceedings;

(छ) अन्तरलिङ्गी बालबालिकाको शारीरिक अखण्डता र स्वायत्तता

बच्चा जन्मँदा कतिपय अवस्थामा बाहिरी यौनाङ्ग स्पष्ट हुँदैन वा एउटै शरीरमा लिङ्ग र योनीका स्वरूपहरू मिसिएको हुन्छ । अर्कोतर्फ, कतिपय बच्चाको बाहिरी यौनाङ्ग योनी भएको र आन्तरिक अण्डकोष विद्यमान हुन सक्छ, वा बाहिरी यौनाङ्ग लिङ्ग भएको र आन्तरिक पाठेघर विद्यमान हुन

सक्छ । क्रोमोजोम, हर्मोन वा जननेन्द्रियका यस्ता अनेकौं प्राकृतिक र जैविक भिन्नताहरू बोकेर जन्मिने व्यक्तिहरू नै अन्तरलिङ्गी हुन् । आधुनिक चिकित्सा शास्त्र र अन्तर्राष्ट्रिय स्वास्थ्य मापदण्डहरूका अनुसार जैविक स्वरूपका आधारमा अन्तरलिङ्गी हुनुका ४० भन्दा बढी फरक-फरक भेदहरू (Variations) रहेका छन् ।[8]

तर, समाजमा व्याप्त 'पुरुष' र 'महिला' को द्वयसांख्यिक घेरामा हुने लैङ्गिक वर्गीकरण र सामाजिक दबाबका कारण अन्तरलिङ्गी बच्चा जन्मने बित्तिकै अभिभावक तथा चिकित्सकहरूमा संशय वा भय उत्पन्न हुने गर्दछ । फलस्वरूप, उनीहरूले यस प्राकृतिक जैविक विविधतालाई 'असामान्य त्रुटि' (Defect) का रूपमा बुझ्ने र सामाजिक अनुकूलता वा स्वीकार्यता कायम गर्ने भनी शिशु अवस्था वा बाल्यकालमै चिकित्साजन्य हस्तक्षेपको निर्णय लिने गरेको पाइन्छ ।

अन्तरलिङ्गी बालबालिकाहरूलाई नवजात शिशु वा बाल्यकालमा 'सामान्य बनाउने' (Normalize) भनी शल्यक्रिया गर्दा उनीहरूको वयस्क जीवनमा गम्भीर, दीर्घकालीन र बहुआयामिक नकारात्मक असरहरू निम्त्याउँछ । विभिन्न चिकित्साशास्त्रीय अनुसन्धान तथा मानव अधिकार सम्बन्धी प्रतिवेदनहरूले औंल्याए अनुसार, बाल्यकालमा गरिने यस्ता अपरिवर्तनीय शल्यक्रियाहरूको सबैभन्दा घातक शारीरिक प्रभाव स्थायी संवेदनशून्यता (Loss of sensation), दीर्घकालीन दुखाइ (Chronic pain) र अपरिवर्तनीय बन्ध्याकरण (Irreversible Sterilization) हो । शिशु अवस्थामा गरिने यस्ता प्रक्रियाले जननेन्द्रियका तन्तु (Tissue) र स्नायु (Nerve) हरूमा गम्भीर क्षति पुग्दछ । यसको प्रत्यक्ष असर वयस्क उमेरको यौन स्वास्थ्य र क्रियाशीलतामा पर्न जान्छ । यसका अतिरिक्त, शल्यक्रियाबाट निर्मित अङ्गलाई व्यवस्थित गरिरहन जीवनपर्यन्त चिकित्साजन्य हस्तक्षेप र हर्मोन प्रत्यारोपणको निरन्तर आवश्यकता पर्ने हुँदा, यसले व्यक्तिको नैसर्गिक शारीरिक अखण्डता र आत्मनिर्णयको अधिकारको गम्भीर उल्लङ्घन गर्दछ । शारीरिक क्षतिका अतिरिक्त, यस्ता हस्तक्षेपले व्यक्तिको लैङ्गिक पहिचान तथा मानसिक स्वास्थ्यमा पनि दूरागामी प्रभाव परिरहेको हुन्छ । बाल्यावस्थामा चिकित्सक वा अभिभावकको इच्छा अनुसार निर्धारित लिङ्ग र हुर्कंदै जाँदा निजको अन्तश्चेतना वा मस्तिष्कले अनुभूत गर्ने लैङ्गिक पहिचानका बीच द्वन्द्व उत्पन्न हुन सक्छ । उदाहरणार्थ, बाल्यकालमा शल्यक्रियामार्फत महिलाका रूपमा लिङ्ग निर्माण गरिदिएको व्यक्तिले वयस्क उमेरमा

[8] United Nations. (n.d.). Intersex people: Know the facts. UN Free & Equal. https://www.unfe.org/en/know-the-facts/challenges-solutions/intersex

आफूलाई पुरुषका रूपमा स्वःअनुभूत वा पहिचान गरेमा, उसलाई उक्त शल्यक्रियाका कारण पहिचानको संकट भोग्नुपर्ने हुन्छ ।[9] [10] [11]

यिनै बहुआयामिक र दीर्घकालीन नकारात्मक असरहरूका कारण संयुक्त राष्ट्र संघ र विश्व स्वास्थ्य संगठन लगायतका अन्तर्राष्ट्रिय निकायहरूले अन्तरलिङ्गी बालबालिकामाथि गरिने यस्ता शल्यक्रियाहरूलाई 'अमानवीय, क्रूर र अपमानजनक व्यवहार' वा 'जबरजस्ती बन्ध्याकरण' (Forced Sterilization) को रूपमा परिभाषित गरेका छन् । बच्चा हुर्किएर आफ्नो शरीर र पहिचानबारे स्वतन्त्र र सुसूचित निर्णय लिन सक्ने उमेर नपुगुन्जेलसम्म, चिकित्सकीय रूपमा जीवन रक्षाका लागि अनिवार्य अवस्थामा बाहेक, कुनै पनि शल्यक्रिया गरिनु हुँदैन भन्ने अन्तर्राष्ट्रिय मान्यता स्थापित भइसकेको छ ।[12]

यें महानगरपालिका (काठमाडौं महानगरपालिका) को बाल संरक्षण तथा बाल अधिकारसम्बन्धी कार्यविधि, २०८० को दफा ३ को उपदफा (२) को (च) मा महानगरपालिका क्षेत्रभित्र रहेका अन्तरलिङ्गी बालबालिकाको सम्मानजनक जीवनयापनका लागि लक्षित कार्यक्रम कार्यान्वयन गर्ने/गराउने भन्ने उल्लेख छ ।

संयुक्त राष्ट्र संघका विभिन्न निकायहरूद्वारा संयुक्त रूपमा जारी प्रतिवेदन Eliminating forced, coercive and otherwise involuntary sterilization को निम्न अंश यहाँ उद्धृत गर्नु सान्दर्भिक देखिन्छः

Intersex persons may be involuntarily subjected to so-called sex-normalizing or other procedures as infants or during childhood, which, in some cases, may result in the termination of all or some of their reproductive capacity. Children who are born with atypical sex characteristics are often subjected to cosmetic and other non-medically indicated surgeries performed on their reproductive organs, without their informed consent or that of their parents, and without taking into consideration the views of the children involved (64; 147, para 57; 148; 149). As a result, such children are being subjected to irreversible interventions that have lifelong consequence for their physical and mental health (64; 150, para 20; 151).

---

[9] World Health Organization. (2015). Sexual health, human rights and the law. World Health Organization. https://www.who.int/publications/i/item/9789241564984

[10] Carpenter, M. (2021). Intersex human rights, sexual orientation, gender identity, sex characteristics and the Yogyakarta Principles plus 10. Culture, Health & Sexuality, 23(4), 516–532. https://doi.org/10.1080/13691058.2020.1781262

[11] Office of the High Commissioner for Human Rights. (2019). *Background note on human rights violations against intersex people*. United Nations. https://www.ohchr.org/en/documents/tools-and-resources/background-note-human-rights-violations-against-intersex-people

[12] World Health Organization, Office of the United Nations High Commissioner for Human Rights, UN Women, UNAIDS, UNDP, UNFPA, & UNICEF. (2014). Eliminating forced, coercive and otherwise involuntary sterilization: An interagency statement. World Health Organization. https://www.who.int/publications/i/item/9789241507325

Medical procedures that might result in sterility may sometimes be justified because of benefits to health, including the reduction of cancer risk (152). Such treatments may be recommended for transgender or intersex persons; however, they may be proposed on the basis of weak evidence, without discussing alternative solutions that would retain the ability to procreate (151, 153–157). Parents often consent to surgery on behalf of their intersex children, including in circumstances where full information is lacking (151, 158, 159).

It has been recommended by human rights bodies, professional organizations and ethical bodies that full, free and informed consent should be ensured in connection with medical and surgical treatments for intersex persons (64, 150) and, if possible, irreversible invasive medical interventions should be postponed until a child is sufficiently mature to make an informed decision, so that they can participate in decision-making and give full, free and informed consent (15, 149). It has also been recommended that health-care professionals should be educated and trained about bodily diversity as well as sexual and related biological and physical diversity, and that professionals should properly inform patients and their parents of the consequences of surgical and other medical interventions (149; 150, para 20; 160–162).

संयुक्त राष्ट्र संघका यौन अभिमुखीकरण र लैङ्गिक पहिचान सम्बन्धी स्वतन्त्र विशेषज्ञको प्रतिवेदन Practices of so-called "conversion therapy" (दस्तावेज नं. A/HRC/44/53) को 87 (b) मा *Take urgent measures to protect children and young people from practices of "conversion therapy", including by giving priority to the design and implementation of monitoring programmes for health-care, religious, education, community, commercial and any other settings, public or private, where children and young people are deprived of liberty by organs such as national human rights institutions or, if applicable, national preventive mechanisms;* भनी सुझाव प्रस्तुत गरिएको छ ।

संयुक्त राष्ट्र संघको गोपनीयताको अधिकार सम्बन्धी विशेष प्रतिवेदकको Report of the Special Rapporteur on the right to privacy (दस्तावेज नं A/HRC/43/52) मा निम्नानुसार सुझाव दिइएको छ ।

34 (c) There are limitations on the authority of parents of intersex children to authorize medically unnecessary genital plastic surgery that cosmetically "normalizes" variations in the children's sex characteristics, and that the involvement of the child concerned in such decisions is ensured, in accordance with the evolving capacity of the child;

34 (d) Privacy protocols are adopted so that children are fully consulted and informed regarding modifications to their sex characteristics necessary to avoid or remedy proven serious physical harm, and the consent of the child concerned to such modifications is ensured, in accordance with the evolving capacity of the child;

39 (d) Guarantee and protect the rights of everyone, including all children, to bodily and mental integrity, autonomy and self-determination, by prohibiting any practice and repealing any laws and policies so that no one is subjected to invasive or irreversible medical procedures

that modify sex characteristics, including female genital mutilation, forced genital-normalizing surgery, involuntary sterilization, unethical experimentation, medical display and so-called reparative or conversion therapies, without free, prior and informed consent, unless necessary to avoid serious, urgent and irreparable harm to that person;

अस्ट्रेलियाली संसदको Senate को Community Affairs References Committee ले सन् २०१३ मा Involuntary or coerced sterilisation of intersex people in Australia नामक प्रतिवेदन प्रकाशन गरेको पाइन्छ । यस प्रतिवेदनले विशेष गरी अन्तरलिङ्गी नवजात शिशु तथा बालबालिकाहरूमाथि उनीहरूको पूर्ण र सुसूचित मञ्जुरी बिना गरिने 'लिङ्ग सच्याउने' (Normalising surgeries) अभ्यासमाथि गम्भीर चिन्ता र प्रश्न व्यक्त गरेको छ । प्रतिवेदनमा चिकित्साजन्य दृष्टिकोणबाट तत्काले अनिवार्य नभएका र अपरिवर्तनीय प्रकृतिका शल्यक्रियाहरूलाई बालबालिका हुर्किएर आफै निर्णय लिन सक्ने उमेर नपुगुन्जेलसम्मका लागि स्थगित गरिनुपर्ने सिफारिस गरिएको छ ।[13]

युरोपेली परिषद्को संसदीय सभा (Parliamentary Assembly of the Council of Europe - PACE) द्वारा सन् २०१७ मा Promoting the human rights of and eliminating discrimination against intersex people शीर्षकको Resolution 2191 पारित गरेको पाइन्छ । यसले अन्तरलिङ्गी व्यक्तिहरूको शारीरिक अखण्डता र आत्मनिर्णयको अधिकारका लागि मापदण्ड स्थापित गरेको छ । यस संकल्पले पर्याप्त वैज्ञानिक पुष्टि र तत्काल स्वास्थ्य जोखिम नभए तापनि अन्तरलिङ्गी बालबालिकालाई गरिने 'लिङ्ग सच्याउने' (Sex-normalising) शल्यक्रियालाई मानव अधिकारको गम्भीर उल्लङ्घन ठहर गरेको छ । सदस्य राष्ट्रहरूलाई जारी गरिएको यस निर्देशिकामा बालबालिकाको जीवन रक्षाका लागि तत्काले अनिवार्य अवस्थामा बाहेक, अन्य सम्पूर्ण यौनाङ्ग परिवर्तन सम्बन्धी चिकित्सकीय प्रक्रिया उनीहरू हुर्किएर आफै स्वतन्त्र र सुसूचित मञ्जुरी दिन सक्ने उमेर नपुगुन्जेलसम्मका लागि स्थगित गर्नुपर्ने उल्लेख छ ।[14]

जर्मनीको कोलोन उच्च क्षेत्रीय अदालत (Oberlandesgericht Köln) मा क्रिस्टियाने भोलिङ (Christiane Völling) द्वारा दायर गरिएको मुद्दा अन्तरलिङ्गी अधिकारको इतिहासमा एक ऐतिहासिक नजिर हो । एक अन्तरलिङ्गी व्यक्तिले आफ्नो स्वतन्त्र र सुसूचित मञ्जुरी बिना बाल्यकालमा गरिएको गैर-सहमतीय लिङ्ग पुनःनिर्धारण शल्यक्रिया (Non-consensual Sex Reassignment Surgery)

[13] Community Affairs References Committee. (2013). Involuntary or coerced sterilisation of intersex people in Australia. Senate Community Affairs Committee Secretariat; Parliament of Australia. https://www.aph.gov.au/Parliamentary_Business/Committees/Senate/Community_Affairs/Involuntary_Sterilisation/Sec_Report/index

[14] Parliamentary Assembly of the Council of Europe. (2017). Promoting the human rights of and eliminating discrimination against intersex people (Resolution 2191). Council of Europe. https://assembly.coe.int/nw/xml/XRef/Xref-XML2HTML-en.asp?fileid=24232

विरुद्ध मुद्दा दायर गरी क्षतिपूर्ति प्राप्त गरेको विश्वकै पहिलो दृष्टान्त पनि हो । सन् १९५९ मा जन्मिएका भोलिङको बाहिरी जननेन्द्रिय अस्पष्ट थियो भने उनको आन्तरिक जैविक तथा आनुवंशिक बनावट स्त्रीलिङ्गी थियो । सन् १९७७ मा चिकित्सकहरूले शल्यक्रियामार्फत उनको गर्भाशय (पाठेघर) र डिम्बाशय लगायतका आन्तरिक प्रजनन अङ्गहरू पूर्ण रूपमा निष्कासन गरिदिएका थिए । कोलोन क्षेत्रीय अदालतले सन् २००८ मा फैसला सुनाउँदै, सुसूचित सहमति (Informed Consent) को अभावमा स्वस्थ अङ्गहरू निष्कासन गरिनुलाई व्यक्तिको शारीरिक स्वायत्तता र आत्मनिर्णयको अधिकारमाथिको गम्भीर अतिक्रमण एवं गैरकानुनी चिकित्सकीय क्षति (Tortious Liability) ठहर गऱ्यो । अदालतले भोलिङको पक्षमा १,००,००० युरो क्षतिपूर्ति भराउने ऐतिहासिक निर्णय गरेसँगै यस नजिरले अन्तरलिङ्गी व्यक्तिहरूको शारीरिक अखण्डताको रक्षार्थ विश्वव्यापी रूपमा एक बलियो कानुनी एवं विधिशास्त्रीय जग निर्माण गरेको छ ।[15]

मानव अधिकार सम्बन्धी युरोपेली अदालत (European Court of Human Rights - ECHR) समक्ष प्रस्तुत M. v. France, 2022 को मुद्दा अन्तरलिङ्गी व्यक्तिहरूको शारीरिक स्वायत्तता एवं अखण्डता रक्षाका सन्दर्भमा एक महत्वपूर्ण कोसेढुङ्गाको रूपमा स्थापित छ । उक्त मुद्दामा निवेदकले आफ्नो बाल्यकाल तथा किशोरावस्थामा स्वतन्त्र एवं सुसूचित मञ्जुरीको अभावमा सम्पादित गैर-सहमतीय महिलाकरण शल्यक्रिया (Feminising Surgery) र अनैच्छिक हर्मोनल उपचारका विरुद्ध फ्रान्सले आफ्नो सकारात्मक संरक्षणात्मक एवं प्रभावकारी अनुसन्धानात्मक दायित्व (Positive Obligations to Protect and Investigate) वहन नगरेको जिकिरसहित अदालतमा मुद्दा दर्ता गरेका थिए । अदालतले कानुनी हदम्याद (Limitation Period) सम्बन्धी प्राविधिक आधारमा उक्त निवेदन खारेज (Inadmissible) गरे तापनि, फैसलाको प्रकृयामा दूरगामी महत्त्वका देहायका दुई कानुनी सिद्धान्तहरू प्रतिपादन गऱ्योः

- स्थापित चिकित्सकीय अनिवार्यता (Therapeutic Necessity) र व्यक्तिको सुसूचित मञ्जुरी विपरीत गरिने जुनसुकै शारीरिक हस्तक्षेप, मानव अधिकार सम्बन्धी युरोपेली महासन्धिको धारा ३ अन्तर्गत निषेधित 'अमानवीय वा अपमानजनक व्यवहार' (Cruel, Inhuman, or Degrading Treatment) को दायराभित्र पर्दछ ।
- बालबालिकालाई परम्परागत द्वयसांख्यिक लैङ्गिक वर्गिकरणमा समाहित गर्ने ध्येयले गरिने चिकित्सकीय रूपमा अनावश्यक र गैर-सहमतीय 'Normalizing' शल्यक्रियाहरू मानव

[15] In re Völling, Regional Court Cologne, Germany, Case No. 25 O 179/07 (6 February 2008). https://www.icj.org/wp-content/uploads/2008/02/In-re-Volling-Regional-Court-Cologne-Germany-English.pdf

गरिमाको सर्वथा विपरीत हुनुका साथै Genital Mutilation सरह नै अमानवीय, वर्जित र प्रतिबन्धित अभ्यास हुन् ।[16]

भारतको केरला उच्च अदालतको एर्नाकुलम इजलास (High Court of Kerala at Ernakulam) द्वारा सन् २०२३ मा XXX and Ors. Vs. The Health Secretary, Director of Health Services and Ors. को मुद्दामा भएको फैसलाले पनि अन्तरलिङ्गी बालबालिकाको शारीरिक स्वायत्तताको अधिकारलाई संरक्षण गरेको छ । यसमा अस्पष्ट जननेन्द्रिय भई जन्मिएको एक ७ वर्षीय अन्तरलिङ्गी बच्चाको आमाबाबुले उनलाई सामाजिक लाञ्छनाबाट बचाउन र छोरीको रूपमा हुर्काउनका लागि यौनाङ्गको पुनर्निर्माण शल्यक्रिया (Genital Reconstructive Surgery) गर्न पाऊँ भनी अदालत समक्ष अनुमति मागेका थिए । उक्त निवेदनमा अदालतले आमाबुबाको मागलाई अस्वीकार गर्दै आफ्नो लैङ्गिक पहिचान छनोट गर्ने अधिकार केवल सम्बन्धित व्यक्तिको मात्रै हुने र आमाबुबा वा चिकित्सकले निर्णय गरिदिन नमिल्ने फैसला सुनाए । बाल्यकालमै गरिने यस्ता अपरिवर्तनीय शल्यक्रियाहरूले भारतीय संविधानको धारा १४, १९ र २१ अन्तर्गत सुनिश्चित गरिएको मानवीय गरिमा, व्यक्तिगत स्वतन्त्रता र गोपनीयताको अधिकारलाई गम्भीर रूपमा हनन हुने भनी अदालतले व्याख्या गरेको छ । अदालतले उक्त मुद्दा खारेज गर्दै केरला राज्य सरकारका नाममा विभिन्न निर्देशनात्मक आदेशहरू जारी पाइन्छ । त्यसमा, राज्य सरकारले बालरोग विशेषज्ञ, बाल शल्यचिकित्सक र बाल मनोवैज्ञानिक समावेश गरी तुरुन्तै एक State Level Multidisciplinary Committee गठन गर्नुपर्ने, र यस समितिले उक्त बालबालिकाको परीक्षण गरी यदि सो अस्पष्ट जननेन्द्रियका कारण निजको ज्यान नै जोखिममा परेको अवस्था छ भने मात्र शल्यक्रियाको अनुमति दिन सक्ने उल्लेख छ । त्यसै गरी केवल "सामाजिक रूपमा स्वीकार्य" बनाउने नाममा शल्यक्रिया गर्न नपाइने, र केरला सरकारलाई नवजात शिशु तथा बालबालिकाहरूमाथि गरिने यस्ता गैर-सहमतीय एवं लिङ्ग-निश्चित गर्ने शल्यक्रियाहरू (Sex-selective surgeries) लाई पूर्ण रूपमा प्रतिबन्ध र नियमन गर्ने गरी कानुनी आदेश जारी गर्न अदालतले निर्देशन दिएको छ ।[17]

माल्टाले सन् २०१५ मा पारित गरेको Gender Identity, Gender Expression and Sex Characteristics Act को दफा १४ ले अन्तरलिङ्गी बालबालिकाको स्वतन्त्र र सुसूचित मञ्जुरी बिना केवल सामाजिक वा कस्मेटिक कारणले गरिने यस्ता शल्यक्रिया तथा चिकित्साजन्य हस्तक्षेपहरूलाई कानुनी रूपमा निषेध गरेको छ ।

---

[16] M. v. France, Application No. 42821/18, European Court of Human Rights (Legal Summary) (2022). https://hudoc.echr.coe.int/eng?i=002-13664

[17] XXX & Ors. v. The Health Secretary, Director of Health Services & Ors., W.P. (C) No. 40222 of 2022, Kerala High Court (7 August 2023). https://clpr.org.in/wp-content/uploads/2024/11/44.pdf

14. (1) It shall be unlawful for medical practitioners or other professionals to conduct any sex assignment treatment and, or surgical intervention on the sex characteristics of a minor which treatment and, or intervention can be deferred until the person to be treated can provide informed consent:

Provided that such sex assignment treatment and, or surgical intervention on the sex characteristics of the minor shall be conducted if the minor gives informed consent through the person exercising parental authority or the tutor of the minor.

(2) Medical practitioners or other professionals in breach of this article shall, on conviction, be liable to the punishment of imprisonment not exceeding five years, or to a fine (multa) of not less than five thousand euro (€5,000) and not more than twenty thousand euro (€20,000).

(3) In exceptional circumstances treatment may be effected once agreement is reached between the interdisciplinary team and the persons exercising parental authority or tutor of the minor who is still unable to provide consent:

Provided that medical intervention which is driven by social factors without the consent of the minor, will be in violation of this Act.

(4) The interdisciplinary team shall be appointed by the Minister for a period of three years which period may be renewed for another period of three years.

(5) The interdisciplinary team shall be composed of those professionals whom the Minister considers as appropriate.

(6) When the decision for treatment is being expressed by a minor with the consent of the persons exercising parental authority or the tutor of the minor, the medical professionals shall:

(a) ensure that the best interests of the child as expressed in the Convention on the Rights of the Child be the paramount consideration; and

(b) give weight to the views of the minor having regard to the minor's age and maturity.[18]

ग्रीसले Medically Assisted Reproduction Reforms Act (Law 4958/2022) को दफा १७ मा Interventions on sex characteristics of minors सम्बन्धी व्यवस्था गरी अन्तरलिङ्गी बालबालिकाहरू उपर गरिने चिकित्सकीय हस्तक्षेपलाई निषेध गरेको छ । चिकित्सकीय रूपमा अनिवार्य र स्थगित गर्न नमिल्ने अवस्था (Therapeutic necessity) मा मात्र अदालतको पूर्व अनुमति (Court Authorization) र विशेष चिकित्सा टोलीको सिफारिसमा यस्ता शल्यक्रिया गर्न सकिने प्रावधान छ ।[19]

[18] Gender Identity, Gender Expression and Sex Characteristics Act, Cap. 540 (2015) (Malta). https://legislation.mt/eli/cap/540/eng/pdf

[19] Law 4958/2022, Article 17 (Reforms in Medically Assisted Reproduction and other provisions), Government Gazette of the Hellenic Republic, A' 142 (2022) (Greece). https://www.kodiko.gr/nomothesia/document/809426/nomos-4958-2022

(ज) पारलैङ्गिक तथा गैर-द्वयसांख्यिक बालबालिकाको लैङ्गिक पहिचानको अधिकार

परम्परागत रूपमा बालबालिकालाई स्वतन्त्र अस्तित्व र अधिकार भएका व्यक्ति नभई अभिभावकको इच्छा र नियन्त्रणमा चल्नुपर्ने 'निष्क्रिय वा अधीनस्त पात्र' का रूपमा मात्र हेरिने दृष्टिकोण व्याप्त छ । यही दृष्टिकोणका कारण, आफ्नो जन्मजात पहिचान स्थापित गर्न खोज्ने पारलैङ्गिक तथा गैर-द्वयसांख्यिक बालबालिकाहरू पारिवारिक तिरस्कार, सामाजिक हिंसा, र मानसिक आघात भोग्न बाध्य पारिएका छन् । आफ्नो स्वःअनुभूतिलाई बुझ्ने, त्यसको अन्वेषण गर्ने र त्यसलाई स्वतन्त्र रूपमा अभिव्यक्त गर्न पाउने अधिकार प्रत्येक बालबालिकाको नैसर्गिक अधिकार हो ।

संयुक्त राष्ट्रसंघको बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ (UNCRC) को धारा ३ ले बालबालिका सम्बन्धी कुनै पनि निर्णय लिँदा बालबालिकाको सर्वोत्तम हित (Best Interest of the Child) लाई प्राथमिक विचार गरिनुपर्ने व्यवस्था गरेको छ । त्यसै गरी धारा १२ ले बालबालिकालाई आफ्नो विचार व्यक्त गर्ने र उनीहरूको परिपक्वता अनुसार त्यस विचारलाई उचित ग्राह्यता दिइनुपर्ने अधिकार (Right to be heard) सुनिश्चित गर्दछ । धारा ५ ले बालबालिकाको क्रमिक रूपमा विकसित हुने क्षमता (Evolving Capacities) को सिद्धान्तलाई मान्यता दिएको छ । चिकित्सा आचारसंहितामा परिपक्व नाबालक (Mature Minor) को अवधारणा अनुसार, यदि कुनै बालबालिका तोकिएको मापदण्ड बमोजिम आफ्नो स्वास्थ्य र पहिचानबारे निर्णय लिन सक्षम छ भने, उसको सुसूचित सहमति (Informed Consent) ले कानुनी मान्यता पाउनुपर्छ ।

विद्यालय र शिक्षण संस्थाहरूमा पारलैङ्गिक तथा गैर-द्वयसांख्यिक बालबालिकाहरूले दुर्व्यवहार, बुलिङ (Bullying), र विभेदकारी नीतिहरू (जस्तैः असमञ्जसपूर्ण युनिफर्म वा शौचालय) भोग्नुपर्छ, जसका कारण उनीहरूले बिचैमा पढाई छाड्ने (Dropout) दर उच्च छ । शिक्षण संस्था र समाजलाई पारलैङ्गिक तथा गैर-द्वयसांख्यिक बालबालिकालाई सम्मान गर्नुपर्ने दायित्वबोध गराउँदा विद्यालयहरू सुरक्षित र समावेशी बन्दछन्, जसले यी बालबालिकाको शिक्षाको अधिकारलाई सुरक्षित गर्दछ ।

बाल्यकाल वा किशोरावस्थामा लैङ्गिक पहिचान अनुकूलको स्वास्थ्य सेवा (Gender-Affirming Healthcare) मा पहुँच नहुँदा, पछि गएर शरीरमा अपरिवर्तनीय शारीरिक परिवर्तनहरू (Irreversible Pubertal Changes) आउँछन्, जसले Gender Dysphoria लाई थप तीव्र बनाउँछ । परिणामस्वरूप, यस्ता बालबालिकाहरू गम्भीर मानसिक तथा भावनात्मक आघात र उत्पीडन भोग्न बाध्य हुन्छन् । WPATH (World Professional Association for Transgender Health) को Standards of Care (SOC-8) ले स्पष्ट रूपमा पारलैङ्गिक किशोकिशोरीका लागि समयमै उपलब्ध गराइने यस्तो सेवालाई

जीवनरक्षक चिकित्सा (Lifesaving Care) को रूपमा मान्यता दिएको छ यद्यपि, बालबालिकाको हकमा उपलब्ध गराइने प्रारम्भिक सेवाहरूमा अपरिवर्तनीय प्रकृतिका शल्यक्रिया वा चिकित्सा प्रक्रियाहरूलाई भने समावेश गरिएको हुँदैन ।

संयुक्त राष्ट्र संघका यौन अभिमुखीकरण र लैङ्गिक पहिचान सम्बन्धी स्वतन्त्र विशेषज्ञको प्रतिवेदन Protection against violence and discrimination based on sexual orientation and gender identity (दस्तावेज नं. A/73/152) मा पारलैङ्गिक तथा गैर-द्वयसांख्यिक बालबालिकाहरूको सम्बन्धमा विस्तृत सुझावहरू अघि सारिएको छ ।

79. In relation to public policies, the Independent Expert exhorts States to:

(a) Take measures to improve the health and well-being of trans persons and guarantee their access to good-quality health-care services and health-related information, which includes giving consideration to establishing the provision of gender-affirming care as a State obligation not dependent on a diagnosis, taking into account the best practices identified in the present report;

(b) Adopt all measures necessary to eliminate the social stigma associated with gender diversity, including the development, implementation and evaluation of an education and sensitization campaign, and in particular, all measures necessary to protect trans and gender-diverse children from all forms of discrimination and violence, including bullying, by raising public awareness and implementing safety and support measures;

81. Furthermore, the Independent Expert urges States, through all appropriate and relevant means at its disposal, to:

(a) Enact recognition systems for the gender identity of trans and gender-diverse children, taking into account the best interests of the child as a primary consideration and respect for the child's right to express views in accordance with age and maturity, in line with the Convention on the Rights of the Child (arts. 3 (1) and 12 and general comments Nos. 12 and 14) and, in particular, in keeping with the safeguards established pursuant to article 19 of the Convention, which must not be excessive or discriminatory in relation to other safeguards that give recognition to the autonomy and decisional power of children of a certain age in other areas. States should also fulfil their obligation to ensure to the maximum extent possible the survival and development of the child (art. 6 and general comment No. 5) and the creation of an environment that respects human dignity;

(b) Eliminate abusive requirements as prerequisites for change of name, legal sex or gender, including forced, coerced or otherwise involuntary sterilization; medical procedures related to transition, including surgeries and hormonal therapies; undergoing medical diagnosis, psychological appraisals or other medical or psychosocial procedures or treatment; requirements relating to economic status; health; marital, family or parental status; and any third-party opinion. This should extend to ensuring that a person's criminal record, immigration status or other status is not used to prevent a change of name, legal sex or gender;

त्यस्तै अर्को प्रतिवेदन (दस्तावेज नं A/HRC/47/27) मा लैङ्गिक पहिचानको मान्यताका सम्बन्धमा निम्नानुसार सुझाव प्रस्तुत गरिएको छ ।

The Independent Expert wishes to reiterate the recommendation that States provide access to legal recognition of gender identity in a manner consistent with the rights to freedom from discrimination, equal protection of the law, privacy, identity and freedom of expression, and adopt all necessary measures so that such recognition:

(a) Is based on self-determination by the applicant;

(b) Is a simple administrative process;

(c) Is not connected with abusive requirements, such as medical certification, surgery, treatment, sterilization or divorce;

(d) Includes the acknowledgement and recognition of non-binary identities in their full diversity and specificity;

(e) Ensures that minors have access to recognition of their gender identity.

उक्त विशेषज्ञको अर्को प्रतिवेदन Practices of so-called "conversion therapy" (दस्तावेज नं. A/HRC/44/53) को 87 (d) मा *Adopt and facilitate health-care and other services related to the exploration, free development and/or affirmation of sexual orientation and/or gender identity, with a focus on addressing the conflicts that may arise between a patient's orientation, identity and religious, social, or internalized norms and prejudices, with a focus on identity exploration and development, reducing distress and the need to address "minority stress", as well as focusing on active coping and social support and the concept of affirmation;* भनी सुझाव प्रस्तुत गरिएको छ ।

संयुक्त राष्ट्र संघको गोपनीयताको अधिकार सम्बन्धी विशेष प्रतिवेदकको Report of the Special Rapporteur on the right to privacy (दस्तावेज नं A/HRC/43/52) को 34 मा निम्नानुसार सुझाव दिइएको छ ।

(e) Gender recognition procedures for minors are compatible with human rights and:

(i) Are swift, transparent and based on self-determination;

(ii) Have the best interest of the child as the primary consideration;

(iii) Are not medicalized;


(iv) Protect the child's identity;

अनुसूची — १

